शैक्षिक गुणस्तर परीक्षण केन्द्रको

# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०७६/०७७

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शैक्षिक गुणस्तर परीक्षण केन्द्र**
सानोठिमी, भक्तपुर

शैक्षिक गुणस्तर परीक्षण केन्द्रको

# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०७६/०७७


नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शैक्षिक गुणस्तर परीक्षण केन्द्र**

सानोठिमी, भक्तपुर

**प्रतिवेदन :** **शैक्षिक गुणस्तर परीक्षण केन्द्रको वार्षिक प्रतिवेदन**
**(आर्थिक वर्ष २०७६/२०७७)**

**शैक्षिक गुणस्तर परीक्षण केन्द्र**
सानोठिमी, भक्तपुरद्वारा प्रकाशित

वर्ष : २०७७ (सन् २०२०)

© शैक्षिक गुणस्तर परीक्षण केन्द्र

# प्राक्कथन

शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्यादेशअनुसार केन्द्रले आर्थिक वर्ष २०७६/७७ मा सम्पन्न गरेका परीक्षण तथा अनुसन्धानहरूका प्राप्ति तथा सुझावहरूको सङ्क्षिप्त विवरणसहित राष्ट्रिय शिक्षा परिषद्मा पेश गर्ने उद्देश्यले यो वार्षिक प्रतिवेदन तयार गरिएको छ। साथै शिक्षा सरोकारवालाहरूलाई केन्द्रले गरेका अध्ययन तथा परीक्षणहरूको जानकारी समेत हुनेछ। यसबाट शिक्षाको गुणस्तर सुधारका उपाय पहिचान गर्न सहयोग पुग्नुका साथै केन्द्रका आगामी कार्यका लागि पृष्ठपोषणसमेत प्राप्त हुनेछ भन्ने विश्वास गरिएको छ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले आर्थिक बर्ष २०७६/७७ मा सम्पन्न गरेका विभिन्न परीक्षण तथा अध्ययन-अनुसन्धानलगायतका कार्यहरू सम्पादन गर्ने क्रममा विभिन्न संस्था तथा व्यक्तिहरूबाट आवश्यक सहयोग र पृष्ठपोषण प्राप्त भएको छ। यो वार्षिक प्रतिवेदन तयार गर्ने क्रममा केन्द्रलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग तथा सहकार्य गर्ने र पृष्ठपोषण प्रदान गर्ने सबै संस्था तथा व्यक्तिहरूको योगदानका लागि हार्दिक आभार व्यक्त गर्दछु। कार्यसम्पादनमा निरन्तर सहजीकरण गर्ने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्रदेश शिक्षा विकास निर्देशनालय र शिक्षा विकास तथा समन्वय इकाइहरूको सहयोगका लागि आभार व्यक्त गर्दछु। यसका साथै परीक्षण तथा अध्ययन ढाँचा विकास, सञ्चालन र नतिजा विश्लेषणका विभिन्न चरणमा योगदान गर्ने परीक्षण समिति, सबै विषय समितिहरूका अध्यक्ष तथा सदस्यहरू, विज्ञहरू तथा विषय शिक्षकहरूलाई हार्दिक धन्यवाद दिन्छु। परीक्षण तथा अध्ययनमा सहभागी हुने विद्यार्थीहरू, शिक्षक तथा प्रधानाध्यापकहरू धन्यवादका पात्र हुनुहुन्छ। विभिन्न किसिमका परीक्षण तथा अध्ययन-अनुसन्धानमा ठूलो सङ्ख्यामा विश्वविद्यालयका प्राध्यापक तथा शिक्षकहरू र स्वतन्त्र विज्ञहरूको संलग्नता रहेको थियो। यो संलग्नता र सहयोगका लागि संलग्न सबै विज्ञहरूलाई हार्दिक धन्यवाद छ।

विभिन्न किसिमका प्राविधिक सहयोग उपलब्ध गराउने र केन्द्रसँग सहकार्य गर्ने विश्व बैंक, युनिसेफ, युएसएआइडि, युनेस्को बैंकक तथा Network on Education Quality Monitoring in the Asia-Pacific (NEQMAP), साथै सबै विकास साझेदारहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु।

नतिजा प्रबोधीकरणमा सहभागी भई आफ्ना प्रकाशन तथा प्रसारणमार्फत् प्रचारप्रसार तथा विश्लेषण गर्ने पत्रकारहरू तथा यस विषयमा सहयोग गर्ने सबैप्रति आभार व्यक्त गर्दै आगामी दिनमा रचनात्मक सल्लाह, सुझाव तथा सहयोगको अपेक्षा गर्दछु। यो वार्षिक प्रतिवेदन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमार्फत् राष्ट्रिय शिक्षा परिषद्मा पेस गर्दछु।

**इमनारायण श्रेष्ठ**
महानिर्देशक, शैक्षिक गुणस्तर परीक्षण केन्द्र

# विषय सूची

**खण्ड १ :शैक्षिक गुणस्तर परीक्षण केन्द्रको परिचय........................................ १**

१.२ प्रतिवेदनको स्वरूप........................................ २

१.३ केन्द्रको कार्यक्षेत्र........................................ २

१.४ केन्द्रको कार्य सञ्चालन प्रक्रिया ........................................ ३

**खण्ड २: शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा २०७६/७७ मा सम्पन्न गरिएका कार्यहरू ....... ६**

२.१ विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण........................................ ६

२.१.१ विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) २०१९ को नतिजा प्रकाशन................ ९

२.१.२ कक्षा ८ अङ्ग्रेजी विषयको परीक्षण ढाँचा (Assessment Framework) विकास ........................................ १७

२.१.३ विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) कक्षा ८, २०२०.................. १८

२.१.४ कक्षा ३ को पढाइ तथा गणितीय सीप परीक्षण (National Assessment for Reading and Numeracy-NARN), २०२० ........................................ १८

२.१.५ कक्षा ५ को अङ्ग्रेजी र विज्ञान विषयमा परीक्षण ढाँचा निर्माण तथा नेपाली र गणित विषयको परीक्षण ढाँचा परिमार्जन........................................ २०

२.२ शैक्षिक निकाय तथा विद्यालयहरूको कार्यसम्पादन परीक्षण (Performance Audit) ...... २०

२.३ समसामयिक शैक्षिक मुद्दामा अध्ययन अनुसन्धान ........................................ २६

२.४ कक्षाकोठामा आधारित प्रारम्भिक कक्षा पढाइ सीप परीक्षण ........................................ ३१

२.५ नतिजा प्रबोधीकरण (Result dissemination)........................................ ३३

३. समग्र उपलब्धि, चुनौती, अवसर र भावी कार्यदिशा........................................ ३३

३.१ समग्र उपलब्धि........................................ ३४

३.२ चुनौती र अवसर ........................................ ३६

३.३ भावी कार्यदिशा........................................ ३६

३.४ निष्कर्ष........................................ ३७

**अनुसूचीहरू ........................................ ३८**

अनुसूची १ : आर्थिक वर्ष २०७५/७६ मा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले गरेका प्रकाशनहरूको सूची ........................................ ३८

अनुसूची २ : आर्थिक वर्ष २०७४/७५ मा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले गरेका प्रकाशनहरूको सूची ........................................ ३८

अनुसूची ३ : अघिल्ला वर्षहरू (२०७३/७४ सम्म) का शैक्षिक गुणस्तर परीक्षण केन्द्रका प्रकाशनहरूको सूची ........................................ ३९
अनुसूची ४ : शैक्षिक गुणस्तर परीक्षण केन्द्रको संगठन संरचना ........................................ ४१
अनुसूची ५ : शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा कार्यरत कर्मचारीहरूको विवरण ........................................ ४१
अनुसूची ६ : शैक्षिक गुणस्तर परीक्षण केन्द्रका विषय समितिहरूको विवरण ........................................ ४३

# शैक्षिक गुणस्तर परीक्षण केन्द्रको परिचय

## १.१ सन्दर्भ

विद्यार्थीहरूको सिकाइ उपलब्धि परीक्षण तथा शैक्षिक संस्थाहरूको कार्यसम्पादन परीक्षण गर्ने प्रचलन विश्वका विभिन्न देशमा रहेको छ। यस्तो कार्य कतिपय देशमा कानुनद्वारा स्थापित स्वायत्त निकायबाट सम्पादन हुने गर्दछ भने कतिपय देशमा सरकार मातहतका निकायबाट सम्पादन हुने गर्दछ। यसरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा स्थापित मूल्य, मान्यता तथा सैद्धान्तिक अवधारणाअनुरूप विद्यार्थीहरूको सिकाइ उपलब्धि परीक्षण तथा शैक्षिक संस्थाहरूको कार्यसम्पादन परीक्षण गरी प्राप्त नतिजाका आधारमा दिइने सुझावहरूले शैक्षिक सुधारका लागि मार्गनिर्देश गर्छन्। नेपालमा पनि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गतका निकायलाई आफ्नो कार्यसम्पादनस्तर तथा शिक्षण संस्थाहरूलाई विद्यार्थी उपलब्धिप्रति जवाफदेही बनाउने उद्देश्यले विद्यार्थीको सिकाइ उपलब्धिस्तर परीक्षण तथा शैक्षिक निकायको कार्य सम्पादन परीक्षणका लागि अलग्गै निकायको परिकल्पना विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ ले गरेको थियो। विद्यालय क्षेत्र सुधार योजनाको उक्त परिकल्पनालाई मूर्तरूप दिने क्रममा नेपाल सरकारबाट शिक्षा मन्त्रालयअन्तर्गत शैक्षिक गुणस्तर परीक्षण केन्द्र (Education Review Office) को स्थापना २०६६ मा गरिएको हो। स्थापनाका समयमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले विद्यार्थीको सिकाइ उपलब्धिस्तरको आवधिक परीक्षण र साविक शिक्षा मन्त्रालयअन्तर्गतका शैक्षिक निकाय तथा शिक्षण संस्थाहरूको कार्यसम्पादन परीक्षण गरी सोको प्रतिवेदन शिक्षा मन्त्रीको अध्यक्षतामा गठित नीति निर्धारण समितिमा पेस गर्ने र नतिजा तथा प्रतिवेदन सार्वजनिक गर्ने नीतिगत व्यवस्था गरिएको थियो।

स्थापनाका समयमा तयार गरिएका कार्यविधि तथा मार्गदर्शनमार्फत् केन्द्रले आफ्ना काम कारवाही अगाडि बढाउँदै आए तापनि शिक्षा ऐनको आठौं संशोधन २०७३ को दफा ७ (ख) मा विद्यालय शिक्षाको गुणस्तर परीक्षण गर्ने कामसमेतका लागि एक शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहने भनी स्पष्ट व्यवस्था भएको छ। यस सन्दर्भमा मिति २०७४ भाद्र २७ मा नेपाल सरकार शिक्षा मन्त्रालयबाट शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका २०७४ जारी भई सोहीअनुसार यस केन्द्रका काम कारवाही व्यवस्थित हुँदै आएका छन्। शैक्षिक गुणस्तर परीक्षण केन्द्रले परीक्षणका नतिजा तथा प्रतिवेदनहरू शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमा नतिजा तथा प्रतिवेदनहरू पेश गर्ने गर्दछ।

यो प्रतिवेदनको मुख्य उद्देश्य शैक्षिक गुणस्तर परीक्षण केन्द्रले आर्थिक वर्ष २०७६/७७ मा सम्पन्न गरेका कार्यहरूको विवरण र अध्ययन तथा परीक्षणका प्रतिवेदनहरू राष्ट्रिय शिक्षा परिषद्मा पेस गरी विद्यालय शिक्षाको गुणस्तर सुधारकालागि केन्द्रका अध्ययन तथा परीक्षणका नतिजाहरूलाई उपयोग

गर्न सहयोग पुऱ्याउनु हो । त्यसैगरी सम्बन्धित सरोकारवालाहरूलाई केन्द्रले गरेका अध्ययन तथा परीक्षणहरूको जानकारी गराई शिक्षाको गुणस्तर सुधारका उपाय पहिचान गर्न सघाउनु पनि यस प्रतिवेदनको उद्देश्य हो भने केन्द्रले आगामी कार्यका लागि पृष्ठपोषण प्राप्त गर्नु यो प्रतिवेदनको अर्को उद्देश्य हो ।

यो प्रतिवेदन तयार गर्दा केन्द्रका सबै एकाइहरूबाट भए गरेका कार्यहरूको विवरण सङ्कलन गरी बैठकमा छलफल गरिएको थियो । यस क्रममा केन्द्रका अभिलेखहरू तथा प्रतिवेदनहरू अध्ययन गरिएको थियो । प्रतिवेदनको प्रारम्भिक मस्यौदामा केन्द्रसँग विभिन्न विषयमा काम गर्ने विज्ञहरूको सुझाव माग गरी प्राप्त सुझावहरूका आधारमा प्रारम्भिक मस्यौदालाई पुनरावलोकन गरी यो अन्तिम प्रतिवेदन तयार गरिएको छ ।

## १.२ प्रतिवेदनको स्वरूप

यो प्रतिवेदन तीन खण्डमा प्रस्तुत गरिएको छ। पहिलो खण्डमा शैक्षिक गुणस्तर परीक्षण केन्द्र र यसका कार्यक्षेत्रहरूको परिचय प्रस्तुत गरिएको छ भने दोस्रो खण्डमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा आ.व. २०७६/७७ सम्म गरिएका कार्यहरूको सङ्क्षिप्त प्रस्तुति छ। तेस्रो खण्डमा समग्र सुझाव, समस्या र चुनौतीहरू प्रस्तुत गरिएको छ। अन्तिम खण्डमा समग्र उपलब्धि, चुनौती तथा अवसर प्रस्तुत गरिएको छ ।

## १.३ केन्द्रको कार्यक्षेत्र

शिक्षाको गुणस्तर सुधार र समता कायम गर्ने, शिक्षा पद्धतिको उत्तरदायित्वमा सुधार गर्ने तथा शिक्षा पद्धतिको सक्षमता र प्रभावकारिता वृद्धि गर्ने कार्यमा सहयोग पुऱ्याउनका लागि नेपाल सरकार तथा मातहतका शैक्षिक निकाय तथा विद्यालयहरूलाई प्रमाणमा आधारित पृष्ठपोषण प्रदान गर्ने उद्देश्यका साथ स्थापित शैक्षिक गुणस्तर परीक्षण केन्द्रका प्रमुख कार्यहरू देहायका क्षेत्रहरूसँग सम्बन्धित छन् :

- विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण;
- विद्यालय तथा शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण र
- शैक्षिक मुद्दाहरूमा अध्ययन/अनुसन्धान ।

उपर्युक्त कार्यक्षेत्रहरूलाई आधार मानी शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका २०७४ ले शैक्षिक गुणस्तर परीक्षण केन्द्रको काम, कर्तव्य र अधिकारलाई देहायका बुँदाहरूमा उल्लेख गरेको छ :

क) आवधिक रूपमा विद्यार्थीको सिकाइ उपलब्धिस्तर परीक्षण गरी गुणस्तर सुधार तथा समताको अभिवृद्धि गर्ने उद्देश्यले शैक्षिक नीति तथा कार्यक्रम तर्जुमाका लागि शिक्षा मन्त्रालय तथा सम्बद्ध निकायलाई पृष्ठपोषण प्रदान गर्ने ।

ख) विद्यालय तथा शैक्षिक निकायहरूको कार्यसम्पादनस्तरको नियमित रूपमा परीक्षण गरी सेवा प्रवाह तथा विद्यालय शिक्षाको गुणस्तर सुधारका निम्ति सम्बद्ध निकायहरूलाई प्रमाणमा आधारित पृष्ठपोषण प्रदान गर्ने ।

ग) जवाफदेहितामा वृद्धि गरी शैक्षिक सेवा प्रवाहमा सुधार गर्ने उद्देश्यले विद्यालय तथा शैक्षिक निकायहरूलाई आफ्नो कार्यसम्पादन स्तरको स्वमूल्याङ्कनका लागि सहजीकरण गर्ने ।

घ) शैक्षिक आयोजना र परियोजनाको कार्यसम्पादन परीक्षण गर्ने ।

ङ) शैक्षिक कार्यक्रम, आयोजना तथा परियोजनाहरूको मूल्याङ्कन गर्ने ।

च) शिक्षा क्षेत्रका समसामयिक मुद्दाहरूमा अध्ययन-अनुसन्धान गरी शिक्षामा समता र गुणस्तर अभिवृद्धिका लागि प्रमाणमा आधारित सूचना तथा सुझावहरू उपलब्ध गराउने ।

छ) विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण र विद्यालय तथा निकायहरूको कार्यसम्पादन परीक्षणका लागि उपयुक्त विधि, प्रविधि तथा प्रक्रियाको खोजी तथा प्रयोग गर्ने गराउने ।

ज) सिकाइ उपलब्धि परीक्षण, कार्यसम्पादन परीक्षण तथा शैक्षिक अध्ययन, अनुसन्धानका लागि मानवीय तथा संस्थागत क्षमता विकास गर्ने गराउने ।

झ) सिकाइ उपलब्धि परीक्षण, कार्यसम्पादन परीक्षण तथा शैक्षिक अध्ययन-अनुसन्धानलाई प्रभावकारी बनाउन यस क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग समन्वय र सहकार्य गर्ने ।

## १.४ केन्द्रको कार्य सञ्चालन प्रक्रिया

केन्द्रको कार्य क्षेत्र र कार्य प्रकृति विशिष्ट प्राविधिक तथा पेसागत स्वरूपको भएकाले सम्बन्धित क्षेत्रका विज्ञ तथा यस कार्यमा संलग्न शिक्षकहरूसमेतको सहभागितामा कार्य सम्पन्न गर्नुपर्ने हुन्छ । त्यसैले शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका २०७४ मा परीक्षण समिति तथा विभिन्न विषय समितिहरूको व्यवस्था गरिएको छ । केन्द्रमा हाल एक परीक्षण समिति तथा पाँच ओटा विषय समितिहरू गठन भई क्रियाशील छन् ।

### क) परीक्षण समिति

परीक्षणसम्बन्धी नीतिगत तथा व्यवस्थापकीय पक्षसँग सम्बन्धित आवश्यक निर्णयसमेत गरी परीक्षणलाई प्रभावकारी बनाउन परीक्षण समितिको गठनको व्यवस्था निर्देशिकाको परिच्छेद ३(५) मा गरिएको छ । जसअनुसार हाल निम्नानुसारको परीक्षण समिति गठन भई क्रियाशील रहेको छ :

१. डा. अरविन्दलाल भोमी, प्राध्यापक

२. डा. शम्भुप्रसाद खतिवडा, प्राध्यापक

३. डा. तुलसी प्रसाद थपलिया, सहसचिव,

४.	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, योजना तथा अनुगमन महाशाखा
५.	श्री इमनारायण श्रेष्ठ, महानिर्देशक, शैक्षिक गुणस्तर परीक्षण केन्द्र
६.	डा. बालचन्द्र लुइटेल, प्राध्यापक, काठमाडौं विश्वविद्यालय स्कुल अफ एजुकेसन
७.	श्री राजु मानन्धर, सहप्राध्यापक, त्रि.वि. शिक्षा विकास तथा अनुसन्धान केन्द्र बल्खु
८.	श्री रामकुमार वान्तवा, प्रधानाध्यापक, नवोदय मा.वि., जावलाखेल, ललितपुर
९.	श्री दिवाकर दूरदर्शी पाण्डे, प्रधानाध्यापक, शिवपुरी मा.वि. महाराजगञ्ज काठमाडौं
१०.	श्री ............................., निर्देशक, शैक्षिक गुणस्तर परीक्षण केन्द, सदस्य सचिव

उल्लिखित सदस्यहरूका अतिरिक्त परीक्षण समितिमा सबै विषय समितिका अध्यक्षहरू पनि सदस्य रहने व्यवस्था छ । निर्देशिकाअनुसार समितिका वरिष्ठ सदस्यले बैठकको अध्यक्षता गरी समितिको बैठक बस्ने गरेको छ ।

**ख) विषय समितिहरू**

परीक्षण विधि तथा प्रक्रिया निर्धारणमा पृष्ठपोषण प्रदान गर्ने, परीक्षणका लागि आवश्यक प्रश्नपत्र, प्रश्नावलीलगायतका परीक्षण साधनहरूलाई अन्तिम रूप प्रदान गर्ने, सम्बन्धित विषयमा परीक्षण तथा अध्ययन-अनुसन्धान सञ्चालनका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रलाई आवश्यक प्राविधिक सहयोग गर्ने लगायतका कार्यका लागि निर्देशिकाअनुसार आठओटासम्म विषय समितिहरू गठन गर्न सकिने व्यवस्था भएअनुसार हाल देहायबमोजिमका विषय समितिहरू गठन भई क्रियाशील रहेका छन् :

१.	नेपाली विषय समिति (प्रा.डा. पारसमणि भण्डारीको अध्यक्षतामा ८ सदस्यीय)
२.	गणित विषय समिति (प्रा.डा. हरिप्रसाद उपाध्यायको अध्यक्षतामा ८ सदस्यीय)
३.	अङ्ग्रेजी विषय समिति (प्रा. डा. विनोद लुइटेलको अध्यक्षतामा ८ सदस्यीय)
४.	विज्ञान विषय समिति (प्रा.डा. रजनी राजभण्डारीको अध्यक्षतामा ८ सदस्यीय)
५.	अध्ययन अनुसन्धान विषय समिति (प्रा.डा. प्रकाशमान श्रेष्ठको अध्यक्षतामा ८ सदस्यीय)

प्रत्येक विषय समितिमा सम्बन्धित विषयका विश्वविद्यालयका शिक्षक/प्राध्यापक, विद्यालय तहका शिक्षक, पाठ्यक्रम विकास केन्द्र/ शिक्षा तथा मानव स्रोत विकास केन्द्रका विषय विज्ञहरू सदस्यका रूपमा रहेका छन् भने शैक्षिक गुणस्तर परीक्षण केन्द्रका सम्बन्धित विषयका अधिकृत कर्मचारी सदस्य सचिवका रूपमा रहेका छन् ।

**ग) विषयगत कार्यशाला सञ्चालन**

कार्यको प्रकृतिअनुसार केन्द्रका कर्मचारीहरू, सम्बन्धित विषयका विज्ञहरू, विद्यालयका शिक्षकहरू, शिक्षा सेवाका सम्बन्धित कर्मचारीहरूलगायत परीक्षण/विषय समितिका पदाधिकारीहरूसहित आवश्यक

सङ्ख्यामा सम्बन्धित व्यक्तिहरूको सहभागितामा कार्यशालाको आयोजना गरिन्छ । उदाहरणका लागि विद्यार्थी उपलब्धिको परीक्षणका लागि परीक्षण ढाँचा, प्रश्नावली, प्रश्नपत्र साथै कार्यसम्पादन परीक्षणका लागि परीक्षण साधन निर्माणका क्रममा सम्बन्धित विज्ञसहितको सहभागितामा कार्यशालाको आयोजना गरिन्छ । कार्यशालामा पर्याप्त छलफल गरी अन्तिम रूप दिने कार्य गरिन्छ ।

**घ) विशेषज्ञहरूको संलग्नता**

खासगरी परीक्षण ढाँचा निर्माण, विधि र प्रक्रिया निर्धारण तथा कर्मचारीहरूको क्षमता विकाससम्बन्धी कार्यहरूमा विशेषज्ञहरूलाई सहभागी गराई कार्य सम्पन्न गर्ने गरिएको छ । आवश्यकताअनुसार शिक्षक तथा सम्बन्धित कार्यमा संलग्न कर्मचारीहरूलाई सहजीकरण र कार्यमा आवश्यक प्राविधिक सहयोगका लागि विशेषज्ञहरूको संलग्नतालाई प्राथमिकता दिने गरिएको छ । विशेषज्ञको रूपमा सम्बन्धित विषय/क्षेत्रमा कार्यरत तथा विश्वविद्यालयमा प्राध्यापन तथा अध्ययन-अनुसन्धानको अनुभव भएका व्यक्तिहरू समावेश हुने गरेका छन् ।

# शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा २०७६/७७ मा सम्पन्न गरिएका कार्यहरू

शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्यक्षेत्रका आधारमा यस केन्द्रले आ.व.२०७६/७७ सम्म सम्पन्न गरेका मुख्य कार्यहरूको सारसङ्क्षेप यस खण्डमा प्रस्तुत गरिएको छ।

## २.१ विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण

विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणले शिक्षाको समग्र नीति र कार्यक्रमको प्रभावकारिताको लेखाजोखा गर्न सहयोग गर्नुका साथै शिक्षामा गरिएको लगानीअनुसार उचित प्रतिफल प्राप्त भएनभएको यकिन गर्न सहयोग गर्दछ । विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणबाट निश्चित कक्षाका विद्यार्थीहरूले निश्चित विषयमा हासिल गरेका सिकाइस्तरको विश्लेषण गरी विद्यमान नीति तथा कार्यक्रमहरूको प्रभावकारिताको लेखाजोखा गर्न नीति निर्माताहरूलाई सहयोग पुग्दछ । यसबाट सम्बन्धित पक्षलाई शिक्षामा गुणस्तर र समताको सुनिश्चितताका लागि आवश्यक पर्ने नीति, रणनीति तथा कार्यक्रमहरूमा समयानुकूल परिमार्जन गर्नसमेत सहयोग पुग्दछ ।

नेपालमा विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणको अभ्यास सन् १९९५ बाट सुरु भएको हो । सन् १९९५ देखि २०१० सम्म सञ्चालन गरिएका यस प्रकारका परीक्षणहरू परीक्षणको शास्त्रीय सिद्धान्त (Classical test theory) मा आधारित थिए, जसबाट विभिन्न वर्षमा फरक प्रश्नहरू प्रयोग गरी सञ्चालित परीक्षणका प्राप्ताङ्कहरूबीच तुलनामा कठिनाइ थियो । शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना भएपश्चात् सन् २०११ देखि सञ्चालन गरिएका राष्ट्रिय परीक्षणहरू परीक्षणको आधुनिक सिद्धान्तः पृच्छा प्रतिक्रिया सिद्धान्त (Item Response Theory) मा आधारित गरी तुलनायोग्य बनाउने प्रयास गरियो। शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट पहिलो चरणमा विद्यालय क्षेत्र सुधार योजना अन्तर्गत यस प्रकारको परीक्षण कक्षा ३, ५ र ८ मा दुईदुई पटक सञ्चालन भएको थियो । विद्यालय क्षेत्र विकास कार्यक्रमको अवधिमा कक्षा ८ मा २०७३ फागुनमा, कक्षा ५ मा वि.सं. २०७४ मा र कक्षा १० मा वि.सं. २०७५ मा विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण सम्पन्न भई प्रतिवेदन तयार भएको छ । त्यसैगरी क्क्म्ए को अवधिमा वि.सं. २०७६ मा कक्षा ८ का विद्यार्थीमा दोस्रो चक्र परीक्षण सञ्चालन भएको छ ।

वि.सं. २०६८ देखि २०७७ असारसम्ममा विभिन्न कक्षाहरू (कक्षा ३, ५, ८ र १०) मा जम्मा १० ओटा यस्ता परीक्षणहरू सञ्चालन भइसकेका छन् । ती परीक्षणहरूको विवरण र पछिका वर्षहरूमा हुने परीक्षणहरूको योजना निम्नअनुसार रहेको छ :

*तालिका (क) विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणको कार्यदिशा*

| SSRP | | | | | SSDP | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०११* | २०१२* | २०१३* | २०१५* | २०१७* | २०१८* | २०१९* | २०२०* | २०२१ | २०२२ | २०२२ |
| कक्षा ८ | कक्षा ३ र ५ | कक्षा ८ | कक्षा ३ र ५ | कक्षा ८ | कक्षा ५ | कक्षा १० | कक्षा ८ | कक्षा ५ | कक्षा १० | .... |

सङ्केतः ८ ले सम्पन्न भएको परीक्षण वर्ष जनाउँछ ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले विद्यार्थी उपलब्धिको अन्तर्राष्ट्रिय परीक्षणको अभ्यासलाई समेत पुनरावलोकन गरेर नेपालको परिवेश अनुकूल उपयुक्त हुने विधि अवलम्बन गरेको छ । यसअन्तर्गत विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणको विकास तथा सञ्चालन गर्न निम्नलिखित विधि अवलम्बन गरिएको छ :

१. सरोकारवालाहरूको संलग्नतामा परीक्षण गरिने कक्षा र विषयहरूको परीक्षण नीति र आधार तयार गर्ने ।

२. परीक्षण गरिने कक्षाअन्तर्गत विषयहरूको ज्ञानका क्षेत्रहरूसहित परीक्षण ढाँचा तयार गरी आवश्यक प्रश्नावली निर्माण गर्ने ।

३. यसरी निर्माण गरिएका प्रश्नहरूको पूर्वपरीक्षण गरी प्रश्नको शुद्धता, अर्थपूर्णता, वैधता तथा सान्दर्भिकताको लेखाजोखा गरी आवश्यक परिमार्जन गर्ने ।

४. पूर्वपरीक्षणबाट प्रश्नहरूको विश्वसनीयता र वैधता सुनिश्चित गर्ने ।

५. परीक्षणका लागि विद्यालय र विद्यार्थीको प्रतिनिधिमूलक नमूना छनौट गर्ने ।

६. परीक्षणमा संलग्न व्यक्तिहरूलाई तालिम दिई पूर्वनिर्धारित विधिका आधारमा परीक्षण सञ्चालन गर्ने ।

७. पृष्ठभूमि प्रश्नावली र उत्तरपुस्तिका सङ्कलन गरी अङ्कन गर्ने ।

८. प्रत्येक प्रश्नको विश्लेषण गरी अनुपयुक्त प्रश्नहरू विश्लेषणबाट हटाउने ।

९. प्रत्येक प्रश्नको विशेषता जनाउने तथ्याङ्कशास्त्रीय मापदण्ड (Parameter) निकाल्ने र साझा योजक प्रश्न (Linking Item) का तथ्याङ्कशास्त्रीय मापदण्ड (Parameter) का आधारमा विभिन्न सेटका प्रश्नपत्रलाई Calibration and Equating गर्ने ।

१०. तथ्याङ्कलाई उपयुक्त सफ्टवेयर तथा विधि प्रयोग गरी विश्लेषण गर्ने ।

११. विद्यार्थी उपलब्धिको परीक्षण विधि, प्रक्रिया र नतिजाहरूलाई समाविष्ट गरी प्रतिवेदन तयार गर्ने ।

१२. तयार गरिएको प्रतिवेदन विज्ञहरूको समूहबाट पुनरावलोकन गराई त्यसलाई अन्तिम रूप दिने ।

१३. विद्यार्थी उपलब्धि परीक्षणको अन्तिम प्रतिवेदनलाई प्रकाशन गरी राष्ट्रिय शिक्षा परिषद्मा पेस गर्ने र सार्वजनिक गर्ने ।

१४. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा सम्बद्ध निकायले प्रतिवेदनको अध्ययन गरी शैक्षिक नीति तथा कार्यक्रममा गर्नुपर्ने सुधारका क्षेत्र पहिचान गर्ने र आवश्यक कार्य अघि बढाउने ।

वि.सं.२०७७ सम्म शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा विभिन्न कक्षामा सञ्चालित विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण दिइएको तालिकामा उल्लेख गरिएको छ ।

*तालिका १ : आ. व.२०७६/७७ सम्म सञ्चालित विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण*

| वर्ष | कक्षा र विषय | | | |
|---|---|---|---|---|
| | कक्षा ३ | कक्षा ५ | कक्षा ८ | कक्षा १० |
| २०६८ (सन् २०११) | - | - | नेपाली, गणित र सामाजिक | - |
| २०६९ (सन् २०१२) | नेपाली र गणित | नेपाली, गणित र अङ्ग्रेजी | - | |
| २०७० (सन् २०१३) | - | - | नेपाली, गणित र विज्ञान | - |
| २०७२ (सन् २०१५) | नेपाली र गणित | नेपाली, गणित र अङ्ग्रेजी | - | - |
| २०७३ (सन् २०१७) | - | - | नेपाली, गणित र विज्ञान | - |
| २०७४ (सन् २०१८) | - | नेपाली र गणित | - | - |
| २०७५ (सन् २०१९) | - | - | - | नेपाली, गणित, विज्ञान र अङ्ग्रेजी |
| २०७६ (सन् २०२०) | - | - | नेपाली, गणित, विज्ञान र अङ्ग्रेजी | |

उल्लिखित परीक्षणहरूमध्ये वि.सं. २०७६ मा भएको कक्षा ८ बाहेकको नतिजा तथा प्रतिवेदनहरू सार्वजनिक भइसकेका छन् भने शैक्षिक गुणस्तर परीक्षण केन्द्रले नतिजा तथा प्रतिवेदनहरू सार्वजनिक गर्नुका साथै विभिन्न माध्यमबाट प्रबोधीकरण गरी सरोकारवालाहरूसम्म पुऱ्याउने गरेको छ ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले गर्ने परीक्षणहरूमा नतिजाहरूको विश्वासनीयता वृद्धि गर्ने अभिप्रायले हरेक बर्ष प्रविधिको उन्नतीकरण भइरहेको छ भने नतिजाहरूको तुलनालाई यथार्थ बनाउने प्रयास गरिएको छ । परीक्षण ढाँचामा कक्षा ८ को २०७३ को परीक्षणदेखि हरेक कक्षामा सम्बन्धित विषयको

पाठ्यक्रम विश्लेषण गरेर सिकाइका आधार निर्धारण गरिएको थियो । प्रत्येक आधार (criterion) मा विद्यार्थीको सिकाइ सक्षमतालाई छ तह (standard) मा परिभाषित गरी प्रत्येक तहका सक्षमताहरू पहिचान गरिएको छ । यसले विगतमा सञ्चालित मानकमा आधारित (Norm referenced) राष्ट्रिय परीक्षणलाई आधारमा आधारित (Criteria referenced) बनाई विद्यार्थीका सक्षमताका कुन पक्ष राम्रो र कुन पक्ष कमजोर छन् भन्ने तहमा समेत नतिजा प्रकाशित गरिएको छ ।

### २.१.१ विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) २०१९ को नतिजा प्रकाशन

शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्यादेशअनुसार कक्षा १० का विद्यार्थीको उपलब्धिको राष्ट्रिय परीक्षण पहिलोपटक NASA 2019, Grade 10 का नामबाट आव २०७५।७६ मा सञ्चालन भई २०७६।७७ सालमा यसको प्रतिवेदन प्रकाशित गरिएको छ । यो परीक्षण पाठ्यक्रमका सिकाइ उपलब्धिहरूका आधारमा तयार पारिएको परीक्षण ढाँचाअनुसार सञ्चालन भएको थियो । कक्षा १० का नेपाली, गणित, विज्ञान र अङ्ग्रेजी विषयमा गरिएको परीक्षण १,८०० विद्यालयका जम्मा ४३८८६ विद्यार्थीमा सञ्चालन भएको थियो । उक्त परीक्षणले विद्यार्थीले कति सिके, कुनै उपसमूहले कमजोर सिकाइ गऱ्यो, विद्यार्थीहरूको सिकाइमा कुन कुन पक्षले असर गरे, निश्चित समयको अन्तरालमा सिकाइ उपलब्धिमा कस्तो प्रवृत्ति (घटेको वा बढेको) छ जस्ता प्रश्नहरूको जवाफ दिन्छ । यो परीक्षण स्वतन्त्र तेस्रो पक्ष मूल्याङ्कनको रूपमा विकास गर्नका लागि बाह्य परामर्शदाता संस्थामार्फत् सञ्चालन हुँदै आएको छ । जसमा परीक्षण ढाँचा निर्माणदेखि परीक्षाको तथ्याङ्क प्रविष्टि र प्रतिवेदन लेखनसम्म बाह्य विज्ञ र परामर्शदाताहरूको संलग्नता रहन्छ ।

उपर्युक्त परीक्षण सञ्चालन गर्न निम्नअनुसारअनुसारका कार्यप्रक्रिया पूरा गरिएको थियो :

- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट कार्यक्रम स्वीकृति,
- मूल्याङ्कन ढाँचा विकास,
- परीक्षण साधान विकास कार्यशालाबाट साधनहरूको विकास,
- विकास गरिएका परीक्षण साधनहरूको पूर्वपरीक्षण, विश्लेषण गरी त्रुटीरहित प्रश्नहरूबाट परीक्षणको अन्तिम सेट तयारी,
- मन्त्रालय र अन्तर्गतका निकायहरूको सहकार्यमा बाह्य परामर्शदाताहरूबाट परीक्षण सञ्चालन, तथ्याङ्क प्रविष्टि, विश्लेषण तथा प्रतिवेदन लेखन ।

**कार्यक्रमको उद्देश्यः**

- विद्यार्थी उपलब्धिको स्तर विभिन्न समूहहरू लिङ्ग, भूगोल, प्रदेश, विद्यालयको प्रकार, घरमा बोलिने भाषा, जातजातिबीचको भिन्नताको पत्ता लगाउनु ।
- सिकाइमा प्रभाव पार्ने तत्वहरूको खोजी गर्नु ।
- सिकाइ उपलब्धिको प्रवृत्ति आँकलन गरी भविष्यको परीक्षणका लागि आधार तथ्याङ्कको निर्माण

गर्नु ।

- राष्ट्रिय स्तरमा शैक्षिक प्रणालीको क्षमता वृद्धि गर्नु ।
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई नीति निर्माणका लागि सुझाव पेश गरी गुणस्तर, समानता र सहभागिताको अभिवृद्धिमा सहयोग पुऱ्याउनु ।

**नमुना छनोट**

नमुना छनोट गर्दा Probability Proportional to Size- (PPS) विधिबाट स्वतन्त्र रूपमा विद्यालयहरू छनोट गरी छनोट भएका विद्यालयहरूबाट स्वतन्त्र रूपमा २७ जना विद्यार्थी छान्ने, यदि ती नमुनामा परेका विद्यालयमा सोभन्दा कमी विद्यार्थी भए सबै विद्यार्थी छनोट गर्ने गरिएको थियो । सो परीक्षणमा मनाङ र मुस्ताङ्ग जिल्लाबाहेक जम्मा ७५ जिल्लाका १८०० विद्यालयबाट विद्यार्थीहरू सहभागी भएका थिए ।

*तालिका २. परीक्षणमा भाग लिएका विद्यार्थीहरूको विवरण*

| प्रदेश | सहभागी विद्यार्थी सङ्ख्या | | | | कैफियत |
|---|---|---|---|---|---|
| | गणित | नेपाली | विज्ञान | अङ्ग्रेजी | |
| प्रदेश १ | ३६६७ | ३४७७ | ३३९४ | ३४२४ | |
| प्रदेश २ | ३४२४ | ३१६६ | ३१९३ | ३०९२ | |
| प्रदेश ३ | ४०२३ | ३९५५ | ३६५९ | ३९१८ | |
| गण्डकी प्रदेश | २६३० | २८२२ | २३५९ | २८०९ | |
| लुम्बिनी प्रदेश | ३८४५ | ३५३५ | ३५४० | ३४९६ | |
| कर्णाली प्रदेश | २०७३ | २५८५ | १९२९ | २५४२ | |
| सुदूर पश्चिम प्रदेश | २७०३ | ३०१३ | २५६३ | २९३६ | |
| जम्मा | २२३६५ | २२५५३ | २०६३७ | २२२१७ | |

*तालिका ३. प्रदेशअनुसार विद्यालयहरूको सङ्ख्या*

| प्रदेश | गणित र विज्ञान | | नेपाली र अङ्ग्रेजी | | जम्मा |
|---|---|---|---|---|---|
| | सामुदायिक विद्यालय | संस्थागत विद्यालय | सामुदायिक विद्यालय | संस्थागत विद्यालय | |
| प्रदेश १ | १२२ | २९ | ११० | २९ | २९० |
| प्रदेश २ | १२१ | १० | ११३ | १० | २५४ |
| प्रदेश ३ | १०६ | ६१ | १०६ | ५८ | ३३१ |

| प्रदेश | गणित र विज्ञान | | नेपाली र अङ्ग्रेजी | | जम्मा |
|---|---|---|---|---|---|
| | सामुदायिक विद्यालय | संस्थागत विद्यालय | सामुदायिक विद्यालय | संस्थागत विद्यालय | |
| गण्डकी प्रदेश | ८६ | २० | ८६ | ३१ | २२३ |
| लुम्बिनी प्रदेश | १२० | २९ | १०७ | ३० | २८६ |
| कर्णाली प्रदेश | ८१ | ४ | ९९ | ५ | १८९ |
| सुदूरपश्चिम प्रदेश | १०० | ११ | १०५ | ११ | २२७ |
| प्रदेश | ७३६ | १६४ | ७२६ | १७४ | १८०० |

**नतिजाको प्रस्तुतीकरण**

विद्याथी उपलब्धि राष्ट्रिय परीक्षण (NASA -2019) को नतिजालाई विद्यार्थीको कोरा प्राप्ताङ्कको प्रतिशतमा प्रस्तुत नगरी उनीहरूको अन्तर्निहित क्षमता (Latent ability) को रूपमा विश्लेषण गरिएको हुनाले रूपान्तरित स्केलमा व्यक्त गरिएको छ । जसमा दुवै विषयको उपलब्धिलाई औसत ५०० मा राखी विभिन्न समूहहरूका बीचमा तुलना गरिएको छ भने सिकाइ उपलब्धिलाई विद्यार्थीहरूको सिकाइको स्तरअनुसार के गर्न सके र के गर्न सकेनन् भनी व्याख्या गरिएको छ । नतिजालाई दुई प्रकारका प्रतिवेदनका रूपमा प्रकाशित गरिएको छ (१) मुख्य प्रतिवेदन (२) सारांश प्रतिवेदन । यी प्रतिवेदनमा प्रकाशित गरिएका नतिजाहरू देशभरको प्रतिनिधित्व हुने गरी भारित औसत (Weighted average) का रूपमा विश्लेषण गरी प्रस्तुत गरिएको र प्रदेशलाई नमुना छनोटको तह (Strata) को रूपमा लिइएको हुनाले प्रदेश स्तरको नमुनाले पनि उच्च शुद्धताका साथ प्रतिनिधित्व गर्दछ ।

**परीक्षणको नतिजा**

परीक्षणको क्रममा नमूना छनोटमा परेका सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयमा अध्ययनरत कक्षा १० का विद्यार्थीहरूको गणित, विज्ञान, नेपाली र अङ्ग्रेजी विषयको परीक्षण र विश्लेषणबाट देखिएका मुख्य नतिजाहरूको सारसंक्षेप निम्न अनुसार तालिकामा प्रस्तुत गरी बुँदागत रूपमा व्याख्या गरिएको छ ।

| विषय | विषयगत उपलब्धि | | | |
|---|---|---|---|---|
| | गणित | विज्ञान | नेपाली | अङ्ग्रेजी |
| छात्र | ५१० | ५०९ | ५०१ | ५०६ |
| छात्रा | ४९२ | ४९३ | ५०० | ४९६ |

| विषय | विषयगत उपलब्धि | | | |
|---|---|---|---|---|
| | गणित | विज्ञान | नेपाली | अङ्ग्रेजी |
| प्रदेश १ | ४९१ | ४९१ | ५०५ | ५०० |
| प्रदेश २ | ४९५ | ४८४ | ४७४ | ४८२ |
| बाग्मती | ५२१ | ५२५ | ५११ | ५३४ |
| गण्डकी | ५१३ | ५१५ | ५१६ | ५१६ |
| लुम्बिनी | ५०३ | ५०७ | ५१३ | ५०२ |
| कर्णाली | ४७६ | ४८२ | ४७५ | ४७४ |
| सुदुरपश्चिम | ४८८ | ४८६ | ५०० | ४८३ |

१. कक्षा १० मा अध्ययनरत छात्रछात्राहरूबीचको सिकाइमा विज्ञान, गणित र अङ्ग्रेजी विषयमा छात्रछात्राबीच असमानता देखिन्छ भने नेपाली विषयमा खास असमानता देखिँदैन ।

२. गणित र विज्ञान विषयमा छात्रहरूको सिकाइ उपलब्धि छात्राहरूको तुलनामा कमजोर देखिन्छ भने अङ्ग्रेजी र नेपाली विषयको सिकाइ उपलब्धिमा खास अन्तर देखिँदैन ।

३. यस परीक्षणमा १३ देखि १९ वर्षका विद्यार्थीहरू समावेश गरिएकोमा १४ र १५ वर्षका विद्यार्थीहरूको चारवटै विषयमा उच्च अङ्क देखियो भने १६, १७, १८ र १९ वर्षका विद्यार्थीहरूको सिकाइ उपलब्धि घट्दो क्रममा देखियो ।

४. विद्यार्थीले घरमा प्रयोग गर्ने भाषाको माध्यमले पनि सिकाइ उपलब्धिमा प्रभाव पारेको पाइयो । घरमा नेपाली भाषा प्रयोग गर्ने विद्यार्थीको तुलनामा अन्य भाषा प्रयोग गर्ने विद्यार्थीहरूको सिकाइ उपलब्धि कमजोर रहेको देखियो ।

५. सामुदायिक तथा संस्थागत विद्यालयबीचको सिकाइ उपलब्धिमा पनि ठूलो अन्तर देखियो । विज्ञान, अङ्ग्रेजी र गणित विषयमा सामुदायिक विद्यालयका विद्यार्थीको तुलनामा संस्थागत विद्यालयको सिकाइ उपलब्धि उच्च दखियो भने नेपाली विषयमा पनि संस्थागत विद्यालयका विद्यार्थीहरूको सिकाइ उपलब्धि अन्य विषयको तुलनामा कम तर उच्च नै देखियो ।

६. विद्यार्थीहरूले घरमा दाजु, दिदी लगायत अन्य सदस्यबाट सिकाइमा पर्याप्त सहयोग पाएको देखिएन । विद्यार्थीहरूले घरमा स्व-अध्ययन नै सिकाइको मुख्य आधार रहेको देखियो ।

७. विद्याथीहरूमा उच्च अङ्क प्राप्त गर्दा इन्जीनियर, डाक्टर, निजामति कर्मचारीलगायत आकर्षक ठाउँमा काम गरी आफ्नो भविष्य उज्वल हुने र कम अङ्क प्राप्त हुँदा किसान, मजदुर वा अन्य पेशा गर्नुपर्ने जस्तो सोचाइ रहेको पाइयो ।

८. उच्च शिक्षा प्राप्त गरेका बाबुआमाका बच्चाहरूको सबै विषयमा उच्च सिकाइ उपलब्धि रहेको पाइयो । शिक्षित बाबुआमाको प्रभाव बच्चाहरूको उपलब्धिमा प्रष्ट देखियो । साक्षर बाबुआमाका

बच्चाहरूको सिकाइ उपलब्धि शिक्षितको तुलनामा कमजोर देखियो भने अशिक्षित बाबुआमाका बच्चाहरूको सिकाइ उपलब्धि झन् कमजोर रहेको पाइयो ।

९. विद्यार्थीको सिकाइ उपलब्धिमा बाबुआमाको पेशाको प्रभाव परेको देखियो । सरकारी सेवा, व्यापार र अन्य आकर्षक पेशामा रहेका बाबुआमाको बच्चाहरूको तुलनामा कृषि घरेलु काम वा अन्य पेशामा समावेश भएका बाबुआमाका बालबालिकाहरूको सिकाइ उपलब्धि तुलनात्मक रूपमा कमजोर देखियो ।

१०. परिवारको सङ्ख्याले पनि विद्यार्थीहरूको सिकाइ उपलिब्धमा प्रभाव पारेको पाइयो । ३ देखि ५ जना परिवार सदस्य रहेको घरपरिवारका बच्चाको सिकाइ उपलब्धि उच्च देखियो भने सोभन्दा बढी सदस्य रहेको परिवारको बच्चाको सिकाइ उपलब्धि कमजोर देखियो ।

११. विद्यालयले विकास गर्ने सिकाइ मनोवृत्ति र सिकारुको मनोबल पनि सिकाइ उपलब्धिको कारण देखियो । सकारात्मक आत्मबलको विकास हुँदा सिकाइ उपलिब्ध सुधार भएको र सकारात्मक मनोवृत्तिको विकास र आत्मबलको विकासमा सहयोग नहुँदा कमजोर सिकाइ उपलब्धि रहेको पाइयो ।

१२. कक्षामा निरन्तरता दिने शिक्षक र विषयवस्तुको गहिराइमा पुगेर शिक्षण गर्दा विद्यार्थीहरूको सिकाइ उपलब्धि उच्च हुने र कक्षामा निरन्तरता नदिने, पाठ्यक्रम र विषयवस्तुलाई कम महत्व दिदै शिक्षण गर्दा विद्यार्थीको सिकाइ उपलब्धि कमजोर रहेको पाइयो ।

१३. कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूले आफूलाई मनपर्ने र रुचि भएको विषयमा उपलब्धि उच्च रहेको र कम मन पर्ने विषयमा सिकाइ उपलब्धि पनि कमजोर रहेको पाइयो ।

१४. विद्यालयको नियमित सिकाइ क्रियाकलापसँगै अतिरिक्त क्रियाकलापमा संलग्न विद्यार्थीको सिकाइ उपलब्धि तुलनात्मकरूपमा अरूको भन्दा उच्च देखियो । तर यस्तो उपलब्धिमा ठूलो अन्तर भने देखिएन । नियमित अतिरिक्त क्रियाकलापमा सहभागी हुने भन्दा महिनामा एकपटक सहभागी हुने विद्यार्थीको सिकाइ उपलब्धि राम्रो रहेको पाइयो ।

१५. नियमित गृहकार्य पूरा गर्ने र नियमित पुरस्कार पाउने विद्यार्थीको सिकाइ उपलब्धि राम्रो रहेको पाइयो । शिक्षकबाट नियमित गृहकार्यमार्फत् पृष्ठपोषण प्राप्त गर्ने विद्यार्थीहरूको सिकाइ उपलब्धि राम्रो देखिएता पनि विषयअनुसार भने फरक रहेको पाइयो ।

१६. विद्यार्थीहरूका घरमा भएको उपकरण, सञ्चारको साधन, यातयातका साधन र तीनको उपयोगले पनि सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पारेको पाइयो । (परीक्षणमा सहभागीमध्ये ५१% विद्यार्थीको घरमा टेलीभिजन, ४५% विद्यार्थीको स्थायी घर थियो भने ७५% विद्यार्थीसँग कम्प्युटर थिएन । ५०% विद्यार्थीको घरमा मोटरसाइकल थिएन भने ७२% विद्यार्थीसँग मोटरको सुविधा थिएन । )

१७. विद्यार्थीले घरमा उपयोग गर्ने विभिन्न साधन र उपकरणहरूमध्ये गणित विषयमा १-३ वटा

उपकरण उपयोग गर्ने भन्दा ५-१० वटा उपकरण उपयोग गर्नेको सिकाइ उपलब्धि राम्रो देखियो । ११-१७ उपकरण घरमा हुने विद्यार्थीको सिकाइ उपलब्धि अन्यको भन्दा उच्च रहेको पाइयो । त्यसकारण घरमा हुने उपकरण र सिकाइ उपलब्धिबीचको सह-सम्बन्ध सकारात्मक देखिएको छ ।

१८ विद्यालयको खाली समयमा आफ्ना कक्षाकार्य, खेल आदिमा सहभागी विद्यार्थीहरूको उपलब्धि औसत अङ्क भन्दा माथि देखियो । जबकी घरमा यस्ता कार्य गर्ने विद्यार्थीहरूको अङ्क औसत भन्दा कम देखिएको छ ।

१९. परीक्षण गरीएका चारवटै विषयमा वाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका विद्यार्थीहरूको सिकाइ उपलब्धि प्रदेश १, प्रदेश २, कर्णाली र सुदूरपश्चिम प्रदेशको तुलनामा उच्च देखियो । त्यस्तै गरी छात्रछात्राबीचको सिकाइ उपलब्धिमा पनि असमानता देखियो ।

**सुझावहरू**

१. विद्यार्थीहरूको ठूलो सङ्ख्या सिकाइ उपलब्धिको औसत अङ्कभन्दा तल र उनीहरूको विषयगत उपलब्धिबीच सार्थक असमानता देखिएकोले यसको अन्त्य गर्न विशेष अभियान सञ्चालन गर्न आवश्यक देखिन्छ ।

२. सातवटा प्रदेशहरूमा अध्ययनरत विद्यार्थीहरूको सिकाइ उपलब्धिबीच असमानता रहेको हुँदा असमानता अन्त्य गर्नका लागि वस्तुस्थितिको अध्ययन गरी पाठ्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउनुपर्छ ।

३. संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको उपलब्धि हरेक विषयमा कमजोर देखिएकोले विद्यालयमा आवश्यक पूर्वाधार विकास गरी शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउने नीति तत्काल अवलम्बन गर्नुपर्छ ।

४. घरमा प्रयोग हुने र कक्षा शिक्षणमा प्रयोग हुने भाषा एउटै भएमा विद्यार्थीको सिकाइ उपलब्धि सन्तोषजनक देखिएकोले सिकाइको माध्यम घरमा प्रयोग गर्ने भाषालाई पनि गर्न सकिने वातावरणको तयारी गर्नुपर्छ ।

५. छात्र र छात्राबीचको सिकाइ उपलब्धिमा अन्तर देखिएकोले यसलाई कम गर्न छात्राहरूको मनोविज्ञान र मनोसामाजिक अवस्थाको विश्लेषण गरी विशेष परामर्शको व्यवस्था गर्नुपर्छ ।

६. विद्यार्थीहरूको १४ र १५ वर्ष उमेर समूहको सिकाइस्तर उच्च रहेको र सोभन्दा माथिका उमेरका विद्यार्थीको उपलब्धि कमजोर भएको हुँदा किशोर अवस्थामा हुने सामाजिक, संवेगात्मक र शारीरिक विकास र यसले सिकाइमा पार्ने प्रभावसम्बन्धी सल्लाह तथा परामर्श गर्नुपर्ने र उचित उमेरमा विद्यालय भर्ना गरी विद्यालय तह पूरा गर्ने नीति अवलम्बन गर्नुपर्छ ।

७. विद्यालयको अतिरिक्त विद्यार्थीहरूलाई घरका सदस्यहरूबाट दैनिक शिक्षण सिकाइ कार्यमा सहयोग पुऱ्याउन सम्भव भएसम्म व्यवस्थापन गर्नुपर्छ ।

८. घरमा भएका मनोरन्जन, सञ्चार, यातायात लगायत अन्य उपकरणहरूलाई निश्चित समय तोकेर

विद्यार्थीहरूलाई प्रयोग गर्न दिई उनीहरूको शारीरिक मानसिक विकासमा सहयोग पुऱ्याउने ।

९. दैनिक गृहकार्य र यसबाट प्राप्त पृष्ठपोषणले सिकाइमा प्रभावकारी सहयोग पुग्ने हुँदा हरेक विषयमा नियमित गृहकार्य दिने र प्रभावकारी पृष्ठपोषण दिई विद्यार्थीको सिकाइ उपलब्धि सुधार गर्न विद्यालयलाई प्रोत्साहन गर्ने ।

१०. विद्यार्थीको सामाजिक, आर्थिक अवस्थाले पनि सिकाइ उपलब्धिमा महत्वपूर्ण भूमिका खेल्ने हुँदा कमजोर आय भएका विद्यार्थीहरूलाई लक्षित गरी विद्यालयमा कम्प्युटर, इन्टरनेट, खेलकुदका सामग्री र पुस्तकालय आदिमा सहज पहुँचको व्यवस्थापन गर्नुपर्ने वा त्यस्ता विद्यार्थीलाई प्रयोगमा प्राथमिकता दिनुपर्छ ।

११. अतिरिक्त क्रियाकलाप र सिकाइ उपलब्धिबीच सकारात्मक सम्बन्ध देखिएकोले विद्यालयले न्यूनतम महिनामा एकपटक सबै विद्यार्थीहरूलाई सहभागी हुने गरी रचनात्मक, खालको अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न विद्यालयलाई प्रोत्साहन गर्ने ।

१२. विद्यालयमा हुने खाली समयलाई सदुपयोग गर्न कक्षा कार्य गर्ने, पुस्तकालय कम्प्युटर लगायतको साधन उपलब्ध गराई विद्यार्थीको क्षमता विकासमा सहयोग पुऱ्याउने कार्यमा संलग्न हुन प्रेरित गर्नुपर्छ ।

१३. ब्राह्मण तथा क्षेत्री समुदायको तुलनामा दलित र जनजाति समुदायका छात्रछात्राहरूको उपलब्धि कमजोर देखिएको हुँदा विद्यालयमा समावेशी शिक्षा र समान व्यवहार जस्ता कार्यक्रमलाई कडाइका साथ कार्यान्वयन गर्ने ।

१४. विद्यार्थीको सिकाइस्तरलाई उच्च बनाउन कक्षाकोठामा शिक्षकको निरन्तरता, निर्धारित समयको पूरा सदुपयोग गर्ने र पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा विशेष जोड दिनुपर्ने देखिन्छ ।

१५. विद्यार्थीको रुचि, पारिवारिक पृष्ठभूमि आदिका कारण विषयगत उपलब्धिमा पनि असमानता दखिएकाले सबै विषयमा औसत अङ्कभन्दा माथिको उपलब्धि प्राप्त गर्ने गरी पाठ्यक्रम कार्यान्वयनमा जोड दिने ।

१६. औसत अङ्क र सो भन्दा केही न्यून अङ्क प्राप्त गर्ने विद्यार्थीहरूले पनि उज्वल भविष्य निर्माण गर्न सक्ने सम्भावनाहरूलाई देखाउँदै सिकाइ क्रियाकलापमा केन्द्रित हुन हौसला दिने ।

१७. हरेक वर्ष प्राप्त हुने NASA प्रतिवेदनको गहन अध्ययन गर्न र यसबाट प्राप्त सुझावहरूलाई प्रभावकारी कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय सरकारलगायत विद्यालयहरूलाई अनुरोध गर्ने ।

## निष्कर्ष

लगानी प्रक्रिया र उपलब्धि शैक्षिक क्रियाकलापका मुलभूत पक्षहरू हुन् । उद्देश्य अथवा सिकाइ उपलब्धि, शिक्षण विधि, सिकाइ क्रियाकलाप र उपलब्धि शिक्षाका नियमित प्रक्रिया हुन् । नियमित अनुगमन, कार्यान्वयन, मूल्याङ्कन र पृष्ठपोषणले सिकाइ उपलब्धि पूरा गर्न मद्दत गर्दछ । त्यसकारण

विद्यालयहरूमा नियमित रूपमा सञ्चालन भएको विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) ले यस्ता कार्यमा महत्वपूर्ण सहयोग पुऱ्याएको छ । पाठ्यक्रम कार्यान्वयनमा हुने सम्पूर्ण पक्षको गहिरो अध्ययन-अनुसन्धान गरी शिक्षाको गुणस्तर सुधार गर्न ल्ब्क्ब ले महत्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

NASA को मुख्य उद्देश्य भनेको विद्यालय क्षेत्र विकास योजना (SSDP) को आधार तथ्याङ्क पत्ता लगाउनु हो । सन् २०१५ मा सम्पन्न विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण NASA-15 सँग NASA-19 को तुलना गरी शिक्षाको गुणस्तरको सुनिश्चितता कायम गर्नु यस परीक्षणको उद्देश्य रहेको छ । यसको आधारमा विश्लेषण गर्दा देशका सातवटा प्रदेशहरूमध्ये वागमती, गण्डकी र लुम्बिनी प्रदेशमा सिकाइ उपलब्धि उच्च देखिन्छ भने अन्य प्रदेशहरू प्रदेश १, प्रदेश २, कर्णाली र सुदूरपश्चिम प्रदेशको सिकाइ उपलब्धि कमजोर देखिन्छ ।

माध्यमिक तहमा, अध्ययन गर्ने विद्यार्थीहरूमध्ये १४ र १५ वर्ष उमेरका विद्यार्थीको सिकाइ उपलिब्ध उच्च रहेको छ भने क्रमशः उमेर बढी भएका विद्यार्थीको उपलब्धि घट्दै गएको छ । बढी उमेर भएका र कक्षा दोहोऱ्याएका विद्यार्थीको सिकाइ उपलब्धि बढ्न सकेको देखिँदैन । नेपाली भाषा नै मातृभाषा हुने विद्यार्थी र मातृभाषा नेपाली नभएका विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सार्थक भिन्नता देखिएको छ ।

संस्थागत विद्यालय र सामुदायिक विद्यालयबीचको सिकाइ उपलब्धि तुलना गर्दा सबै विषयमा सामुदायिक विद्यालयकोभन्दा संस्थागत विद्यालयको सिकाइ उपलब्धि उच्च देखिन्छ । गणित, विज्ञान र अङ्ग्रेजी विषयमा वढी भिन्नता रहेको छ भने नेपाली विषयमा सामान्य भिन्नता रहेको देखिन्छ । सरकारको ठूलो लगानी हुँदा पनि सामुदायिक विद्यालयका विद्यार्थीहरूको सिकाइस्तर औसत भन्दा कम देखिन्छ । विद्यार्थीहरूलाई घरमा स्व-अध्ययनको क्रममा सहयोग गर्ने वातावरण नहुँदा उनीहरूको सिकाइ स्तर कमजोर हुन गएको देखिन्छ ।

अभिभावकको शिक्षाले पनि विद्यार्थीहरूको सिकाइ उपलब्धिमा प्रभाव पारेको देखियो । अशिक्षित अभिभावक, कक्षा ८ देखि १२ सम्म अध्ययन गरेको अभिभावक, स्नातक वा सोभन्दा बढी शैक्षिक योग्यता भएका अभिभावकको आधारमा हेर्दा जति धेरै शिक्षा हासिल गरेका अभिभावक छन् त्यति नै विद्यार्थीको सिकाइ उपलब्धि उच्च हुँदै गएको देखियो । अभिभावकको शैक्षिक योग्यताको सकारात्मक प्रभाव विद्यार्थीको सिकाइमा परेको देखियो । त्यस्तै गरी अभिभावकको सामाजिक प्रतिष्ठा र पेशाको सकारात्मक प्रभाव सिकाइ उपलब्धिमा परेको पाइयो । कृषि पेसा र घरेलु कार्यमा संलग्न रहेका अभिभावकका बालबालिकाहरूको सिकाइ स्तर अन्यको तुलनामा कमजोर देखियो ।

कक्षा शिक्षणको क्रममा नियमित कक्षा शिक्षण नगर्ने शिक्षकभन्दा कक्षामा पुरा समय पढाउने शिक्षक भएका विद्यार्थीहरूको उपलब्धि उच्च रहेको पाइयो भने कक्षामा अनियमितता हुने पुरा समय कक्षा

शिक्षण नगर्ने शिक्षक भएका विद्यालयको विद्यार्थीहरूका उपलब्धि कमजोर रहेको पाइयो । यसले शिक्षकको नियमित उपस्थितिभन्दा शिक्षकले कक्षामा गर्ने समयको उपयोग बढी प्रभावकारी रहेको देखायो । शिक्षित र सानो परिवारसँग बसेको विद्यार्थीको सिकाइस्तर ठूलो वा सामूहिक परिवारमा बसेको विद्यार्थीकोभन्दा उच्च देखिएको छ । त्यस्तैगरी घरमा विभिन्न उपकरण, यातायातका साधन, टेलिभिजन पढ्नेकोठा, पुस्तकहरू, इन्टरनेट लगायत सुविधा भएका विद्यार्थीहरूको उपलब्धि उच्च देखियो । जति धेरै साधन स्रोतबाट सम्पन भयो त्यति नै विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि हुँदै गएको पाइयो ।

त्यस्तै गरी शिक्षकले नियमित गृहकार्य दिने परीक्षण गर्ने र आवश्यक पृष्ठपोषण पाएका विद्यार्थीको सिकाइस्तर उच्च देखिएको छ भने यस्ता सुविधा वा कार्य नगर्ने विद्यार्थीहरूको सिकाइ उपलब्धि कमजोर वा औसतभन्दा कम छ । नियमित कक्षा शिक्षणको अतिरिक्त महिनामा एक पटक अतिरिक्त क्रियाकलापमा सहभागी हुने विद्यार्थीको सिकाइ उपलब्धि कहिल्यै पनि भाग नलिने र नियमित रूपमा अतिरिक्त क्रियाकलापमा भाग लिने विद्यार्थीको भन्दा उच्च देखियो । विद्यार्थीले विद्यालयको खाली समयलाई सदुपयोग गरी आफ्ना कक्षा कार्यहरू पूरा गर्दा उनीहरूको सिकाइ उपलब्धि उच्च हुने देखियो ।

### २.१.२ कक्षा ८ अङ्ग्रेजी विषयको परीक्षण ढाँचा (Assessment Framework) विकास

शैक्षिक गुणस्तर परीक्षण केन्द्रको वार्षिक कार्यक्रमअनुसार राष्ट्रिय उपलब्धि परीक्षण कार्यका लागि कक्षा ८ को अङ्ग्रेजी विषयको परीक्षण ढाँचा विकास गर्ने कार्य सम्पन्न भयो । यस कार्यका लागि विश्वविद्यालयका प्राध्यापक, पाठ्यक्रम विकास केन्द्र तथा मानव स्रोत विकास केन्द्रका सम्बन्धित विषयका अधिकृतहरू र माध्यमिक शिक्षकहरूसमेतको उपस्थितिमा कार्यशाला गरी कार्य सम्पन्न गरिएको थियो । यस ढाँचाको विकास गर्दा कक्षा ८ को अङ्ग्रेजी विषयको पाठ्यक्रममा उल्लेख भएका सिकाइ उपलब्धिहरूलाई मुख्य आधार मानिएको थियो । यस ढाँचामा भाषाका चारवटै सिपमा आधारित भएर विद्यार्थीको अङ्ग्रेजी विषयको उपलब्धि परीक्षण गर्ने व्यवस्था गरिएको छ । यसका साथै ढाँचामा प्रश्नहरूको ६ वटा तहमा कायम गरिएको छ । पहिलो र दोस्रो तहलाई आधारभूत (Basic), तेस्रो, चौथो र पाँचौ तहलाई निपुण (Proficient) र छैठौँ तहलाई उच्च (Advance) भनिएको छ । यस परीक्षण ढाँचालाई आगामी आर्थिक वर्षको सुरुमै सम्बन्धित विषय समितिबाट स्वीकृत गराई सोको आधारमा प्रश्न निर्माण गरी पूर्वपरीक्षणसमेत गरिनेछ । पूर्वपरीक्षणका आधारमा प्रश्नहरूको अन्तिमीकरण गरी सोही आर्थिक वर्षमा सम्पन्न हुने कक्षा ८ को राष्ट्रिय उपलब्धि परीक्षणमा अङ्ग्रेजी विषयलाई समेत समावेश गरिने छ ।

### २.१.३ विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) कक्षा ८, २०२०

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले आ.व. २०७६।७७ को वार्षिक कार्यक्रममा आधारित भई गरिएको थियो । यो परीक्षणमा PPS विधिबाट नमुना छनोट गरी देशव्यापी रूपमा ७६ जिल्लाका १८०० विद्यालयका ४८००० विद्यार्थी लक्ष्य लिएकोमा ४३६९५ जना विद्यार्थी समावेश गरी गणित, विज्ञान, नेपाली र अङ्ग्रेजी चारओटा विषयमा परीक्षण सञ्चालन गरिएको थियो ।

परीक्षण सञ्चालनको लागि परामर्शदाता सँस्थाको छनोट गरी शैक्षिक गुणस्तर परीक्षण केन्द्रले निर्माण गरेको कक्षा ८ को राष्ट्रिय परीक्षण सञ्चालन मार्गदर्शनबमोजिम परीक्षण सञ्चालन होस् भनेर देशभरिमा १५ वटा समूहमा जम्मा ६०० जना परीक्षण सञ्चालकलाई अभिमुखीकरण गरी परीक्षण सञ्चालनको लागि देशभर परिचालन गरिएको थियो । यसको लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सम्पूर्ण परीक्षण साधनहरू अन्तिमीकरण गरी छपाइका लागि परामर्शदाता संस्थालाई हस्तान्तरण गरेको थियो । छपाइ, प्याकेजिङ तथा ढुवानी कार्यको निरन्तर अनुगमन गर्ने कार्य पनि शैक्षिक गुणस्तर परीक्षण केन्द्रले गरेको थियो ।

परमर्शदाता संस्थाले देशभरि परीक्षण सञ्चालन गरेपछि परीक्षण साधनहरू केन्द्रमा सङ्कलन गर्ने, उत्तरपुस्तिका परीक्षण गर्ने, ओएमआर (OMR- Optical Mark Recognition) पद्धतिबाट तथ्याङ्क प्रवृष्टि गराएर डाटासेट शैक्षिक गुणस्तर परीक्षण केन्द्रलाई प्रदान गरेको थियो । यसमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले चारओटै विषयहरूमा उत्तरपुस्तिका परीक्षण मार्गदर्शन निर्माण गरी उत्तरपुस्तिका परीक्षकलाई तालिम प्रदान गर्ने, ओएमआरको डिजाइन अन्तिम गर्ने, ओएमआर इन्ट्रि गर्ने जनशक्तिलाई तालिम प्रदान गर्ने कार्य गरेको थियो । यसका साथसाथै सम्पूर्ण प्रक्रियाको निरन्तर अनुगमनको कार्य शैक्षिक गुणस्तर परीक्षण केन्द्रले गरेको थियो ।

### २.१.४ कक्षा ३ को पढाइ तथा गणितीय सीप परीक्षण (National Assessment for Reading and Numeracy-NARN), २०२०

कक्षा १ देखि ३ सम्मका प्रारम्भिक कक्षामा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रमअनुसार लिइने प्रारम्भिक कक्षा पठन सीप परीक्षण (Early Grade Reading Assessment-EGRA) ले पठन तत्व (ध्वनि सचेतीकरण, लेख्यवर्ण सचेतीकरण, शब्द भण्डार, पढाइ गति, बोध, लेखाइ ) को परीक्षण गर्दै आएको छ । कक्षा ३ मा नै विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (National Assessment of Student Achievement – NASA) पनि हुँदै आइरहेको सन्दर्भमा NASA ले EGRA ले जस्तो सुनाइ, बोलाइ र पढाइ सीपको विस्तृत मूल्याङ्कन नगर्ने तथा EGRA ले NASA ले जस्तो पाठ्यक्रमका सिकाइ उपलब्धि के कति कुन हदसम्म हासिल भए भनी परीक्षण गर्न नसक्ने जस्ता सीमितताहरू छन् । यी दुवै परीक्षणका सीमिततालाई पूरा गर्ने तथा विद्यार्थी मैत्री, सरल तर बहुपक्षको मूल्याङ्कन गरी एउटै कक्षामा धेरै परीक्षणहरूबाट विद्यार्थीहरूलाई परीक्षाको बोझ नहोस् भनी NARN को

सुरुवात गरिएको हो ।

यो परीक्षणले विषेश गरी नेपाली भाषा र गणितीय सीपको न्यूनतम सिकाइ सक्षमताको परीक्षण गर्दछ। नमूना छनौटमा परेका विद्यालयका कक्षा ३ का बढीमा १५ जना विद्यार्थीहरूलाई परीक्षणमा सहभागी गराइएको थियो । ती परीक्षणमा सहभागी भएका १५ जनामध्ये स्वतन्त्र रूपमा नमुना छनोट (Random Sampling) का आधारमा ५ जना उप-नमुना छनोट (Sub sampling) गरी मौखिक परीक्षण सञ्चालन गरिएको थियो ।

### पढाइ तथा गणितीय सीप परीक्षणको उद्देश्य

१. प्रारम्भिक कक्षाका पढाइ र गणितीय सीपको न्यूनतम सीप र ज्ञानको परीक्षण गर्नु,
२. प्रारम्भिक कक्षाका बालबालिकाको पढाइ र गणितीय सीपसम्बन्धी प्रमाणमा आधारित नीति निर्माणका निम्ति तथ्य उपलब्ध गराउनु,
३. विद्यार्थी परीक्षणको लागि प्रभावकारी परीक्षण सीप तथा तरिकाको विकास गर्नु,
४. शिक्षक तालिमको लागि आवश्यक पृष्ठपोषण प्रदान गर्नु,
५. NASA र EGRA बीच स्पष्ट सम्बन्ध निर्माण गर्नु ,

### पढाइ तथा गणितीय सीप परीक्षणको विधि र प्रक्रिया

केन्द्रको वार्षिक स्वीकृत कार्यक्रमअनुसार नमुना छनौटमा परेका देशभरका ३३ जिल्ला (भोजपुर, झापा, सोलुखुम्बु, सुनसरी, उदयपुर, बारा, महोत्तरी, रौतहट, सर्लाही, चितवन, धादिङ, काठमाडौं, नुवाकोट, सिन्धुपाल्चोक, गोरखा, कास्की, नवलपुर, पर्वत, तनहूँ, बाँके, दाङ, कपिलवस्तु, पाल्पा, रूपन्देही, दैलेख, जाजरकोट, जुम्ला, रुकुमपश्चिम, सुर्खेत, अछाम, बझाङ, डडेल्धुरा र कैलाली) का ५८० विद्यालयमा परीक्षण सम्पन्न भएको छ । वाह्य परामर्शदाता संस्थाका तर्फबाट खटिएका स्वतन्त्र परीक्षकद्वारा यो परीक्षण सञ्चालन गरिएको हो ।

यो परीक्षणमा सामूहिक र व्यक्तिगत गरी २ प्रकारको परीक्षण गरिएको छ । सामूहिक परीक्षणमा ७४३४ जनाको परीक्षा लिइएको छ भने व्यक्तिगत परीक्षणमा २८८९ जनाको परीक्षा लिइएको छ । सामुहिक परीक्षण लिखित परीक्षाका माध्यमबाट लिइएको थियो भने सामूहिक परीक्षामा सहभागी भएकै विद्यार्थीमध्ये ५ जनाको एक एक गरेर व्यक्तिगत परीक्षण लिइएको छ। व्यक्तिगत परीक्षणमा नेपालीको मौखिक पठन गति र बोध तथा गणितको सङ्ख्याको ज्ञानसँग सम्बन्धित प्रश्नहरू सोधिएको थियो । विद्यार्थीको पृष्ठभूमि प्रश्नावली तथा ५८० विद्यालयका प्रधानाध्यापकहरूले भरेको विद्यालय सर्वेक्षण फारमसहितको तथ्याङ्क उपलब्ध भएको छ । आर्थिक वर्ष २०७७।७८ मा तथ्याङ्क विश्लेषण, प्रतिवेदन लेखन र नतिजा प्रबोधीकरणका क्रियाकलापहरू सम्पन्न गरिनेछ ।

### २.१.५ कक्षा ५ को अङ्ग्रेजी र विज्ञान विषयमा परीक्षण ढाँचा निर्माण तथा नेपाली र गणित विषयको परीक्षण ढाँचा परिमार्जन

आ.व. २०७६।७७ को वार्षिक कार्यक्रमबमोजिम सन् २०२० को कक्षा ५ मा हुने राष्ट्रिय परीक्षणको लागि कक्षा ५ को नेपाली र गणित विषयमा परीक्षण ढाँचा परिमार्जन भएको छ साथै अङ्ग्रेजी र विज्ञान विषयमा परीक्षण ढाँचा निर्माण कार्य सम्पन्न भएको छ ।

## २.२ शैक्षिक निकाय तथा विद्यालयहरूको कार्यसम्पादन परीक्षण (Performance Audit)

### परिचय

शैक्षिक निकायहरूले प्रदान गर्ने निश्चित सेवा तथा कार्यहरू सेवाग्राही तथा सरोकारवालासम्म पुऱ्याउनका लागि भौतिक पूर्वाधार, मानव संसाधन र वित्तीय स्रोतको लगानीको प्रभावकारिता, मितव्ययिता, कार्यकुशलता र पारदर्शिताका सम्बन्धमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले कार्य सम्पादन परीक्षण गर्ने गरेको छ। यसका लागि परामर्शदाता संस्थाहरू छनोट गरी ती छनोट भएका संस्थामार्फत् यो कार्यसम्पादन परीक्षण सम्पन्न गरिँदै आएको छ । यस प्रकारको बाह्य परीक्षण वा मूल्याङ्कनले शैक्षिक कार्यक्रम र संस्थाहरूको स्तर निर्धारण गर्दछ र त्यसैका आधारमा पृष्ठपोषणसम्बन्धी निर्णयहरू लिइन्छ ।

### कार्यसम्पादन परीक्षणको उद्देश्य

यस परीक्षणको मुख्य उद्देश्य शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षणमार्फत तुलनात्मक रूपमा असल र कमजोर पक्षको उजागर गरी सुधारको क्षेत्र पहिचान गर्नु हो । सामुदायिक माध्यमिक विद्यालयको लगानी, प्रक्रिया र उपलब्धिका विभिन्न क्षेत्रहरूमा प्राप्त सूचना तथा प्रमाणहरूका आधारमा वस्तुगत अवस्थाको परिमाणात्मक मूल्याङ्कन गर्नु यस परीक्षणको विशिष्ट उद्देश्य हो । यसका साथै कार्यसम्पादन सुधारका क्षेत्रहरू पहिचान गरी सम्बन्धित निकायलाई उपयुक्त पृष्ठपोषण प्रदान गर्नु पनि यस कार्यसम्पादन परीक्षणको उद्देश्य रहेको छ । कार्यसम्पादन परीक्षणबाट समग्रमा निम्नलिखित उद्देश्य हासिल गर्ने अपेक्षा गरिएको छ स

- छनौटमा परेका जिल्लाका सामुदायिक माध्यमिक विद्यालयको कार्य सम्पादनसँग सम्बन्धित पक्षहरूको वर्तमान अवस्थाको असल र कमजोर पक्षको लेखाजोखा गर्ने ।
- छनौटमा परेका जिल्लाका सामुदायिक माध्यमिक विद्यालयले शिक्षाको पहुँच, समता र गुणस्तर अभिवृद्धिका लागि गरेको प्रयासको वर्तमान अवस्थाको लेखाजोखा गर्ने ।
- कार्यसम्पादनका सम्बन्धमा देखिएका सबल पक्षहरूको लेखाजोखा गर्ने ।
- कार्यसम्पादनका सम्बन्धमा देखिएका सुधार गर्नुपर्ने पक्षहरूको पहिचान गर्ने ।
- परीक्षणका नतिजाको आधारमा विद्यालयहरूको कार्यसम्पादन सुधार गर्न उचित सल्लाह र

सुझाव प्रदान गर्ने ।

- उल्लिखित उद्देश्यहरूमा आधारित यस परीक्षणले निम्न विषयवस्तुको यथार्थ अवस्थाको अध्ययन गर्दछ :
- विद्यालयहरूको भौतिक अवस्था, मानव संसाधन र समुदायको लगानीको अवस्था लेखाजोखा गर्ने,
- विद्यालयमा शिक्षण प्रक्रिया, विद्यार्थी मूल्याङ्कन, शिक्षकको पेसागत विकास, नेतृत्व, व्यवस्थापन र अतिरिक्त क्रियाकलापको अवस्था लेखाजोखा गर्ने,
- विद्यालयमा गरिएको लगानी र प्रक्रियाका आधारमा प्राप्त उपलब्धि, जस्तैः विद्यार्थीको नियमितता, कक्षा दोहोऱ्याउने दर र छाड्ने दर तथा सिकाइ उपलब्धिको लेखाजोखा गर्ने,
- प्रत्यक्ष सेवाग्राही अभिभावक र विद्यार्थीको सन्तुष्टिका आधारमा विद्यालयको कार्यको मूल्याङ्कन गर्ने,
- विद्यालयले सेवा प्रदान गरेका विद्यार्थी सङ्ख्याको आधारमा विद्यालयको प्रभावकारिताको लेखाजोखा गर्ने,
- परीक्षणका नतिजाहरूको आधारमा विद्यालयहरूको कार्यसम्पादन सुधार गर्न सम्बन्धित विद्यालय, स्थानीय तह, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय तथा अन्य सरोकारवालालाई पृष्ठपोषण गर्ने ।

**हालसम्म कार्य सम्पादन परीक्षण भएका विद्यालय तथा निकायहरूको सङ्ख्या**

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले विभिन्न शैक्षिक निकाय तथा विद्यालयहरूको कार्यसम्पादन परीक्षण सुरु गरेपछि आर्थिक वर्ष २०७६/०७७ सम्ममा कार्यसम्पादन परीक्षण गरिएका विद्यालय/निकायहरूको सङ्ख्यात्मक विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

***तालिका १: आ.व. २०७६/०७७ सम्ममा कार्यसम्पादन परीक्षण गरिएका विद्यालय/निकायहरूको सङ्ख्या***

| आर्थिक वर्ष | विद्यालय | स्रोतकेन्द्र | जि.शि.का. | शै.ता.के. | क्षे.शि.नि. | केन्द्रीय निकाय |
|---|---|---|---|---|---|---|
| २०६८/०६९ | ३० | ० | ५ | ० | ० | २ |
| २०६९/०७० | ४८ | ० | १० | ० | ० | ० |
| २०७०/०७१ | ४२ | ८ | ८ | ० | ० | ० |
| २०७१/०७२ | ३३ | ११ | १५ | ० | १ | ० |
| २०७२/०७३ | २६ | ७ | ७ | १ | २ | १ |
| २०७३/०७४ | ४१३ | ७९ | ८ | ० | ० | ० |
| २०७४/०७५ | १९९९ | ० | ० | ० | ० | ० |

| आर्थिक वर्ष | विद्यालय | स्रोतकेन्द्र | जि.शि.का. | शै.ता.के. | क्षे.शि.नि. | केन्द्रीय निकाय |
|---|---|---|---|---|---|---|
| २०७५/०७६ | ९९६ | ० | ० | ० | ० | ० |
| २०७६/०७७ | ८९५ | ० | ० | ० | ० | ० |
| जम्मा | ४४८२ | १०५ | ५३ | १ | ३ | ३ |

द्रष्टव्य: केन्द्रीय निकायहरूतर्फ आ.व.२०६८/६९ मा अनौपचारिक शिक्षा केन्द्र र पाठ्यक्रम विकास केन्द्र तथा आ.ब.२०७२/७३ मा विद्यालय शिक्षक किताबखानाको कार्यसम्पादन परीक्षण गरिएको थियो ।

उल्लिखित निकायहरूको निर्धारित सङ्ख्यामा गरिएको कार्यसम्पादन परीक्षणका क्रममा अनुसन्धानका आधारभूत विधि, प्रक्रिया र पद्धतिको अवलम्बन गर्दै संस्थाहरूको स्थलगत अवलोकन तथा प्रत्यक्ष र परोक्ष रूपमा सरोकारवालासँग अन्तरक्रिया गरिएको थियो ।

***तालिका नं २ आ व २०७६।०७७ सम्म जिल्लाका सबै सामुदायिक माध्यमिक विद्यालयहरूको कार्यसम्पादन परीक्षण सम्पन्न गर्ने गरी परीक्षण भएका जिल्ला र विद्यालयको विवरण***

| क्र स | आर्थिक वर्ष | जिल्ला सङ्ख्या | विद्यालय सङ्ख्या |
|---|---|---|---|
| १ | २०७३।०७४ | ८ | ४१३ |
| २ | २०७४।०७५ | २४ | १९६७ |
| ३ | २०७५।०७६ | १३ | ९९६ |
| ४ | २०७६।०७७ | ९ | ८९५ |
| | जम्मा | ५४ | ४२७१ |

आर्थिक वर्ष २०७६।०७७ को अन्तिमसम्ममा ५४ जिल्लाभित्रका सबै सामुदायिक माध्यमिक विद्यालयहरू समेटिने गरी जम्मा ४२७१ को कार्यसम्पादन परीक्षण कार्य सम्पन्न भएको छ । बाँकि २३ जिल्लामा रहेका करिव २२०० सामुदायिक माध्यमिक विद्यालयहरूको कार्यसम्पादन परीक्षणको कार्य आगामी दुई आर्थिक वर्षमा सम्पन्न गर्ने गरी निम्नअनुसारको कार्य योजना तयार गरिएको छ ।

***तालिका नं ३ विद्यालय कार्यसम्पादन परीक्षणको आगामी कार्ययोजना***

| क्र. सं | आर्थिक वर्ष | परीक्षण गरीने विद्यालयहरूको प्रस्तावित सङ्ख्या |
|---|---|---|
| १ | २०७७।०७८ | १००० |
| २ | २०७८।०७९ | १२०० |

# परीक्षणको मुख्य प्राप्ति

## १. विद्यालयको स्तर

| क्र.सं. | आर्थिक वर्ष | विद्ययालय सङ्ख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | जम्मा | कमजोर (Poor) ४० प्रतिशत भन्दा कम | सामान्य (Average) ४० -७० प्रतिशत | मध्यम (Fair)७० -९० प्रतिशत | उत्तम (Good) ९० प्रतिशतभन्दा माथि |
| १ | २०७३/०७४ | ४१३* | | | | |
| २ | २०७४/०७५ | १९६७ | १७ | १६४४ | ३०५ | १ |
| ३ | २०७५/०७६ | ९९६ | २४ | ८२९ | १४१ | २ |
| ४ | २०७६/०७७ | ८९५ | प्रतिवेदन तयारी र लेखन कार्य बाँकी रहेको । | | | |

* यस बेलासम्म स्तर निर्धारण ढाँचा नभएकाले यहाँ उल्लेख नगरिएको ।

## २. लगानी, प्रक्रिया र उपलब्धिको आधारमा विश्लेषण

लगानी, प्रक्रिया र उपलब्धिको एकअर्कामा सहसम्वन्ध र प्रभावलाई विश्लेषण गर्दा देहायबमोजिमको निस्कर्ष पाइएको छ ।

१. लगानी र प्रक्रिया दुबै राम्रो भएका विद्यालयको उपलब्धि राम्रो

२. लगानी र प्रक्रिया दुबै कमजोर भएका विद्यालयको उपलब्धि पनि कमजोर

३. लगानी राम्रो तर प्रक्रिया कमजोर भएका कतिपय विद्यालयको उपलब्धि कमजोर

४. लगानी कमजोर तर प्रक्रिया राम्रो भएका विद्यालयको उपलब्धि राम्रो ।

## हालसम्म भएको कार्यसम्पादन परीक्षणका समग्र सिफारीस र सुझावहरू

### (क) नीतिगत सुधारका लागि सिफारिस र सुझावहरू

- विद्यालय/पालिका/जिल्लागत रूपमा शिक्षक विद्यार्थी अनुपात फरकफरक पाइएकाले सबै विद्यालयहरूमा समन्यायिक रूपमा शिक्षक दरबन्दी वितरण र मिलानका लागि न्यूनतम मापदण्डसहितको नीति तयार गर्ने,
- अधिकांश विद्यालयहरूमा शिक्षक पेसागत विकासको अवस्था कमजोर देखिएकाले शिक्षक पेसागत विकासका लागि स्थानीय तह र विद्यालयहरूले अवलम्बन गर्नुपर्ने नीति तयार

गर्ने,

- विद्यालयहरूमा जग्गा, खानेपानी, शौचालय, भवन, खेल सामग्री, कम्प्युटर, पुस्तकालय, प्रयोगशाला जस्ता स्रोत साधनहरूको समान रूपमा उपलब्धता नदेखिएकाले विद्यालय स्थापनाका बखत हुनुपर्ने न्यूनतम सेवासुविधा तथा स्थापनापश्चात् वितरण गरिने स्रोतसाधनसम्बन्धी स्पष्ट नीति तयार गर्ने,
- विद्यालयमा समुदायको सहभागिता र लगानी कमजोर देखिएको र यसबाट विद्यालयप्रति समुदायको अपनत्व र चासोसमेत कम हुँदै गएको साथै विद्यालयको कार्यप्रगतिप्रति शिक्षकको तुलनामा अभिभावक र विद्यार्थीको सन्तुष्टिको स्तर पनि कमजोर देखिएकाले सो वृद्धि गर्नका लागि विद्यालय, समुदाय र स्थानीय तहहरूलाई परिचालन गर्ने किसिमको नीतिगत व्यवस्था गर्नुपर्ने,
- कार्य सम्पादन स्तरको परीक्षणबाट प्राप्त नतिजालाई विद्यालयको समग्र प्रभावकारितासँग जोडी सम्बन्धित निकायलाई सुधार र हौसलाका लागि बुँदागत पृष्ठपोषण दिने परिपाटीको विकास गर्ने,
- सम्बन्धित पालिका तथा प्रदेश सरकारलाई विद्यालयगत रूपमा कार्य सम्पादन स्तरको नतिजा उपलब्ध गराउने र सुधारका पक्षहरूमा सँगै बसेर छलफल र अन्तरक्रिया गर्ने प्रणालीको विकास गर्ने ।

**(ख) कार्यक्रमगत सुधारका लागि सिफारिस र सुझावहरू**

- कार्यसम्पादन परीक्षण सम्पन्न भई प्रतिवेदन प्राप्त भएपछि विद्यालय/पालिका तहमा यसको समीक्षा गर्ने गराउने साथै सुधार गर्नुपर्ने र निरन्तरता दिनुपर्ने पक्षहरूको पहिचान गरी आवश्यक योजना बनाउने,
- शिक्षण सिकाइमा कम्प्युटरको प्रयोगको अवस्था सन्तोषजनक नदेखिएकाले यसमा सुधारका लागि स्थानीय तह, गैरसरकारी संस्था र स्थानीय समुदायको समन्वयात्मक कार्य गर्नुपर्ने साथै शिक्षकका लागि तालिम एवम् प्रोत्साहनात्मक कार्यक्रम तयार गरी लागू गर्ने,
- विद्यालय हाता, कक्षा कोठा र शौचालयको सरसफाइको अवस्थामा सुधारका लागि विद्यार्थीहरूको समेत सहभागिता वृद्धिका लागि सदन, समूह, कक्षा आदिको परिचालन गर्ने,
- विद्यालयमा पुस्तकालय तथा प्रयोगशालाको उपलब्धताका लागि स्थानीय तहहरूको अगुवाइमा निश्चित समयावधि (५वर्ष/७ वर्ष/१० वर्ष) भित्र न्यूनतम पूर्वाधार तयार गर्ने गरी योजनाबद्ध कार्यारम्भ गर्ने,
- कक्षा र विषयको अनुपातमा शिक्षकहरूको सङ्ख्या कम्तीमा पालिकागत रूपमा समान बनाउन स्थानीय तहले पुनर्वितरण र मिलानको व्यवस्था गर्ने,

- सूचना प्रविधिसम्बन्धी क्षमता भएका शिक्षकबाट अन्य शिक्षकहरूलाई यस्तो सीप हस्तान्तरणका लागि विद्यालय र स्थानीय तहको समन्वयात्मक पहलमा कम्तीमा मासिक रूपमा कार्यक्रम सञ्चालन गर्ने,
- विद्यालयमा समुदायको सहभागिता र लगानी वृद्धिका लागि विद्यालयको यथार्थ अवस्था झल्किने गरी समुदाय समक्ष प्रस्तुत गरी सहयोग गर्ने वातावरण निर्माण गर्ने, सहयोग गरिएको जग्गा, भवन, सामग्री आदिको पूर्ण उपयोग भएको कुरा साथै सहयोगी तथा दाताहरूलाई वार्षिक कार्यक्रम/कुनै विशेष अवसर आदिमा सम्मान गर्ने/प्रशंसापत्र प्रदान गर्ने व्यवस्था मिलाउने,
- कक्षा शिक्षणलाई प्रभावकारी र व्यवस्थित बनाउन योजना निर्माण गर्ने, शैक्षिक सामग्रीको प्रयोग गर्ने, छलफल र अन्तरक्रियात्मक शिक्षण गर्ने, वैयक्तिक भिन्नतामा आधारित सहयोगात्मक शिक्षण गर्ने, शिक्षणमा सकारात्मक पुनर्बलको प्रयोग गर्ने लगायतका क्रियाकलापहरू बढाउन तालिमका अतिरिक्त शिक्षकहरूको मासिक बैठक/भेला/अन्तरक्रिया/अन्तर विद्यालय भ्रमण/छलफल जस्ता कार्यक्रम आयोजना गरी दक्ष/अनुभवी शिक्षकको अगुवाइमा अन्य शिक्षकहरूले सिक्ने/पृष्ठपोषण प्राप्त गर्ने व्यवस्था (यस्तो कार्यक्रम शिक्षकहरूको सङ्ख्याका आधारमा विद्यालयहरूको समूह वा पालिकागत रूपमा समेत गर्न गराउन सकिन्छ)मिलाउने,
- कक्षाकोठा व्यवस्थापन प्रभावकारी रूपमा गर्नुको साथै नियमित गृहकार्य दिने, जाँच्ने र पृष्ठपोषण दिने, गरेको कार्यको सुनिश्चितताका लागि प्रधानाध्यापक/विद्यालय व्यवस्थापन समिति/पालिकाबाट छड्के तथा नियमित अनुगमन/ मूल्याङ्कनको व्यवस्था गर्ने,
- निरन्तर विद्यार्थी मूल्याङ्कन तथा निर्माणात्मक मूल्याङ्कनको प्रयोगलाई नियमित बनाई निरन्तरता दिने साथै यसका साधन र अभिलेखलाई अद्यावधिक गरी राख्ने व्यवस्था मिलाउने,
- सम्बन्धित शिक्षकहरूबाट विशिष्टीकरण तालिकाको प्रयोग गरी प्रश्नपत्र निर्माण गर्ने साथै उत्तरकुञ्जिका निर्माण गरी सोका आधारमा उत्तरपुस्तिका परीक्षण गर्ने कार्य नभएको ठाउँमा सुरु गर्ने र भएको ठाउँमा निरन्तरता दिने, अनुगमन/मूल्याङ्कनको सिलसिलामा यसलाई विशेष महत्व दिई हेर्ने,
- परीक्षाको नतीजा प्रकाशन र वितरण अभिभावकहरूको उपस्थितिमा गर्ने साथै परीक्षाफलको कक्षागत/विषयगत विश्लेषण र समीक्षा शिक्षक स्टाफ/विद्यालय व्यवस्थापन समिति बैठकमा गरी सुधारको क्षेत्र पहिचान र सोअनुसार सुधार योजना बनाउने,
- विद्यालयहरूमा शिक्षक पेसागत विकासका अवसरको उपलब्धता कमजोर अवस्थामा देखिएकाले शिक्षक र विद्यालय व्यवस्थापन समितिबीच छलफल गरी योजना निर्माण र कार्यान्वयन गर्ने,

- पेसागत विकास र शिक्षण सिकाइसँग सम्बन्धित रचनात्मक कार्य गर्ने शिक्षकलाई हौसला प्रदान गर्ने,
- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा शिक्षक स्टाफ बैठकमा शिक्षण सिकाइसँग सम्बन्धित विषयवस्तुहरूमा अधिकतम छलफल गरी गराई उपयुक्त निर्णय लिने वातावरण मिलाउने,
- सरोकारवालाको सहभागितामा वार्षिक योजना/कार्यक्रम, विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन गरी प्रगति/उपलब्धिहरू सार्वजनिक गर्ने,
- विद्यालयको आर्थिक तथा सामाजिक परीक्षणहरू नियमित गराई सुशासन र पारदर्शितालाई बढावा दिने तथा महत्त्वपूर्ण र आधारभूत अभिलेखहरू अद्यावधिकरूपमा सहजै उपलब्ध हुने गरी राख्नका लागि कार्यको बाँडफाँड र जिम्मेवारी तोक्ने,
- विद्यार्थीहरूको रुचि, शारीरिक/मानसिक अवस्थासमेतका आधारमा उपयुक्त किसिमका अतिरिक्त क्रियाकलापहरूमा प्रत्येक विद्यार्थी सहभागी हुने अवसरको सिर्जना गर्ने र उनीहरूको प्रतिभा पहिचान र प्रष्फुटनका लागि विभिन्न कार्यक्रमहरूको आयोजना साथै अन्यत्रबाट आयोजित कार्यक्रमहरूमा सहभागिताका लागि प्रोत्साहन गर्ने,
- स्पष्ट कार्य र भूमिकासहित विद्यालयमा बालक्लब, रेडक्रस, स्काउट, सदन आदि समूह गठन गर्ने र यस्ता समूहहरूलाई सक्रिय बनाउने,
- विद्यार्थीहरूको नियमितता वृद्धि गर्न तथा कक्षा छाड्ने र दोहोऱ्याउने दर कम गर्न परामर्श, घरदैलो, अभिभावकसँग व्यक्तिगत भेटघाट, पुरस्कार लगायतको व्यवस्था गर्ने,
- विद्यार्थीहरूको सिकाइ उपलब्धिको विश्लेषण गरी सुधार गर्नुपर्ने क्षेत्र/पक्षको पहिचान गर्ने र सुधारका लागि स्पष्ट कार्ययोजना बनाउने र जिम्मेवारी तोकी सोको कार्यान्वयन गर्ने,
- सेवाग्राही सन्तुष्टिमा सुधारका लागि सरोकारवालाहरूसँग निश्चित समय अन्तरमा नियमित भेला/ अन्तरक्रिया गरी उनीहरूको विद्यालयप्रतिको दृष्टिकोण/गुनासो/प्रतिक्रिया लिने र आवश्यकताअनुसार सुधार गर्दै जाने,

## २.३ समसामयिक शैक्षिक मुद्दामा अध्ययन अनुसन्धान

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले शैक्षिक सन्दर्भमा रहेका समसामयिक मुद्दामा अध्ययन-अनुसन्धान गर्ने गराउने कार्य गर्दछ । शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका २०७४ अनुसार अनुसन्धान तथा विकास एकाइ एवं अध्ययन-अनुसन्धान विषय समितिको व्यवस्था रहेको छ । सो एकाइको संयोजन तथा समितिको परामर्शमा अनुसन्धानका लागि समसामयिक शैक्षिक मुद्दाको छनोट गर्ने र परामर्शदाता संस्थाबाट अध्ययन-अनुसन्धान कार्य गर्ने गरिएको छ ।

यस केन्द्रले यस्ता समसामयिक अध्ययन-अनुसन्धानका लागि बजेट तथा कार्य क्षेत्रगत शर्त (TOR) निर्धारण गर्दछ । यसपछि अध्ययन अनुसन्धानका लागि प्रस्ताव आह्वान गरी प्राप्त प्रस्तावहरूको मूल्याङ्कन समितिबाट मूल्याङ्कन गरी संस्था छनोट गरिन्छ । छनोट भएका फर्म वा संघसंस्थाले अध्ययन अनुसन्धानका लागि आवश्यक साधन (Tools) तथा अनुसन्धान ढाँचा (Research Design) केन्द्र समक्ष पेस गर्छन् । पेस गरिएको ढाँचामा मूल्याङ्कन समितिले आवश्यक पृष्ठपोषण दिएर साधन अन्तिमीकरण गरेपश्चात् सरोकारवाला संस्थाबाट खटिएका विज्ञहरूले अनुसन्धानका लागि सम्बन्धित विषयक्षेत्रअनुसार अनुसन्धान कार्य अघि बढाउँछन् । आ.व. २०७४/०७५ देखि केन्द्रमा गठित अध्ययन-अनुसन्धान विषय समितिले केन्द्रमार्फत् सम्पादन गरिने अध्ययन अनुसन्धान कार्यलाई प्राविधिक एवम् सैद्धान्तिक रूपबाट पृष्ठपोषण प्रदान एवम् गुणस्तर सुनिश्चित गर्ने गर्दछ ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट २०७४।७५ हालसम्म भएका अध्ययनहरू निम्नअनुसार रहेका छन्:

| क्र.स. | अनुसन्धानको शीर्षक | बर्ष |
|---|---|---|
| १ | शिक्षण सिकाइ प्रक्रियामा कक्षाकोठा अन्तरक्रियाको अवस्था एक अध्ययन | २०६८ |
| २ | जिल्ला शिक्षा कार्यालयबाट हुने सेवा प्रवाहको ( शिक्षक व्यवस्थापन र तलबभत्तासम्बन्धी ) प्रभावकारितासम्बन्धी एक अध्ययन | २०६८ |
| ३ | विद्यालय व्यवस्थापन समितिमा महिला सदस्यको स्थान | २०६७ |
| ४ | सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन | २०६८ |
| ५ | A comprehensive study on National Assessment of student Achievement and improvement in the System Element. | २०६८ |
| ६ | उच्च तथा न्यून सिकाइ उपलब्धिसँग सम्बद्ध तत्वहरू विषयमा मामला अध्ययन | २०७३ |
| ७ | उच्च तथा न्यून सिकाइ उपलब्धिसँग सम्बद्ध तत्वहरू विषयमा मामला अध्ययन | २०७३ |
| ८ | Feasibility Study on Nepal's Participation in international assessment | २०७४ |
| ९ | Study on Teachers preparation and planning for daily lession | २०७४ |
| १० | Case study on identifying driving factors for high achieving public school in Nepal | २०७४ |
| ११ | Teacher support System in Local level | २०७५ |

आ.व. २०७६/०७७ का अध्ययन-अनुसन्धानहरू र प्राप्तिहरू

यस केन्द्रमा रहेको अनुसन्धान तथा विकास शाखाले परीक्षण समिति र अध्ययन-अनुसन्धान समितिको परामर्श र निर्णयमा समसामयिक शैक्षिक मुद्दाहरूमा आफैं वा परामर्शदाता संस्थामार्फत् अध्ययन गर्दछ । सोहीबमोजिम आव २०७६।०७७ मा भएका अध्ययनहरूको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

**अध्ययनको शीर्षकः विद्यालय कार्यसम्पादन परीक्षणको प्रभावकारिताः एक अध्ययन**

**उद्देश्यहरू**

- वि.सं २०७३ र वि.सं २०७५ मा भएको विद्यालय कार्यसम्पादन परीक्षणको तथ्याङ्क विश्लेषण गरी नतिजा पहिचान गर्नु ।
- वि.सं २०७३ र वि.सं २०७५ मा भएको विद्यालय कार्यसम्पादन परीक्षणको नतिजाबीच तुलना गर्नु ।

**सुझावहरु**

- शैक्षिक गुणस्तर परीक्षण केन्द्रले तयार गरेको परीक्षण साधनको प्रयोग गरेर शैक्षिक सत्र समाप्त भएको तीन महिनाभित्र पालिकाभित्रका विद्यालयहरुले स्वमूल्याङ्कन गरी आवश्यक समीक्षासहित स्थानीय तहमा बुझाउने ।
- भौतिक अवस्था एवं सुधारका लागि दिइएको सुझावका आधारमा पालिकाहरुले आफ्नो क्षेत्रभित्रका विद्यालयहरुको भौतिक सुधारको आवधिक योजना तयार गरी प्रदेश एवं संघीय सरकारसँगको समन्वयमा आवश्यक स्रोत जुटाएर भौतिक सुधार गर्ने ।
- स्थानीय शिक्षा कार्यालयको सक्रियतामा विद्यालयका प्रधानाध्यापकहरु, व्यवस्थापन समिति तथा अभिभावक शिक्षक संघका पदाधिकारीहरू, स्थानीय शिक्षक युनियनका पदाधिकारीहरुसहितको संयुक्त अनुगमन समिति निर्माण गरी कार्य गर्ने ।
- सम्बन्धित पालिकाहरुले आफ्नो पालिकाभित्रको विशेष गरी कक्षा ५ र कक्षा ८ का परीक्षालाई स्तरीकृत गरी प्रभावकारी रूपमा सञ्चालन गर्ने ।

## Title of the study: ICT Literacy of Basic level teachers and their motivation to use it in pedagogical strategies

**Objectives**

The general purpose of this study was to examine the situation of basic level teachers' knowledge, skills, and motivation to use ICT in their pedagogical practices and to suggest measures to augment so in their instructional pedagogies. The specific objectives of the study included the following:

- To identify the level of knowledge, skills, and motivation of basic level teachers to use ICT in instructional pedagogy
- To explore the use of ICT in pedagogical strategies in some 'best practice' schools
- To explore the perceptions of basic level teachers on the impact of ICT on teaching and learning
- To suggest pragmatic measures that basic level teachers can adopt to integrate ICT in instructional pedagogy

**Recommendations**

- It is imperative that teacher preparation courses/programs need to incorporate ICT integration as key dimension in the curriculum.
- The teacher education curriculum should cover the integration of technology into teaching, and preparation of teaching resources using technology.
- Teacher education should build preservice teachers' TPCK(Technological pedagogical content knowledge) through coursework and internships.
- Since teacher preparation through a formal course of study is a long term implication, ICT guidelines for basic teachers can be devised and implemented for the time being.
- To utilize ICTs in a 'constructivist' manner, teacher autonomy is crucial – allowing teachers to redesign curriculum and assessment.

## Title of the study: Basic level test standardization at local level: practice and Gaps

General objective of this study was **to assess present practices of examination system at basic level of school education and to present the ways for its improvement**. The specific objectives of this study were to:

1. find out current practices of BLE conducted by LEUs of local bodies currently
2. find out the gaps between current practices of BLE and standardized examination system
3. propose the ways for making BLE standardized by LEUs

**Recommendations**

- Responsibility regarding BLE to be fulfilled by each hierarchical institution i.e. from school to MOEST should be made clear.
- Each responsible body should be made accountable to perform their tasks seriously.
- Documents such as Examination Guide, Teachers Guide, Curriculum Guides, and Parent Orientation Guides should be prepared incorporating assessment standard and criteria of standardized examination system.
- Grade 6-8 curriculum should be elaborated incorporating assessment standard.
- LEUs should be strengthened recruiting required number of human resources with evaluation background and IT skills, as a strong institution of education at local level.
- Intensive training to teachers, head teachers, ECs, and LEU offices needs to be conducted.
- Standardized test paper for student assessment should be developed and made available for LEUs and schools.
- Strong monitoring and support system should be provided by province and federal level. In order to conduct BLE in standardized system, strong political and professional commitment from municipality, province and federal level are required.

## २.४ कक्षाकोठामा आधारित प्रारम्भिक कक्षा पढाइ सीप परीक्षण

राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयनका लागि विकास गरिएको न्यूनतम मापदण्डमा उल्लिखित मापदण्डहरूमध्ये पठन सीप परीक्षणमा कक्षा कोठामा आधारित प्रारम्भिक कक्षा पढाइ सीप परीक्षण (Classroom Based Early Grade Reading Assessment, CB-EGRA) गरिने भनी उल्लेख गरिएको छ । जसमा कक्षा २ का बालबालिकाहरू संलग्न हुने भनिएको छ ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले वि.सं. २०७२ मा नुवाकोट, भक्तपुर, काभ्रेपलाञ्चोक, चितवन र मकवानपुर प्रत्येक जिल्लामा ४/४ विद्यालयका कक्षा २ र ३ का २०/२० जना बालबालिकाहरूमा CB-EGRA गरिएको थियो ।

वि.सं. २०७३ देखि कार्यक्रमिक रूपले परीक्षण सुरु भएको CB-EGRA कार्यक्रममा ११ जिल्ला (धनकुटा, सप्तरी, पर्सा, भक्तपुर, मनाङ, मुस्ताङ, कास्की, दाङ, बाँके, बर्दिया र कञ्चनपुर) का २६०५ विद्यालयहरूमा कक्षा २ का ३५,९८३ र कक्षा ३ का ३६,४८५ गरी जम्मा ७२,४६८ बालबालिकाहरूको कक्षाकोठामा आधारित प्रारम्भिक कक्षा पठन सीप परीक्षण गरिएको थियो । उक्त परीक्षणमा सम्बन्धित बालबालिकाका लगभग ३५ हजार अभिभावक उपस्थित भई परीक्षण अवलोकन गर्नुका साथै परीक्षणको मुख्य नतिजा तत्कालै प्राप्त गरेको थिए ।

यसै गरी आ.व. २०७४/०७५ मा १२ जिल्ला (ताप्लेजुङ, धनुषा, रसुवा, तनहुँ, रूपन्देही, सुर्खेत, कैलाली, डडेल्धुरा र डोल्पा तथा रुकुम, सल्यान र जाजरकोटको १/१ स्थानीय तहका विद्यालयहरू जम्मा १२० गरी) को ३०४६ विद्यालयहरूमा CB-EGRA सञ्चालन गरिएको थियो । कक्षा २ का ३५,६५६ (१६,३१६ छात्र र १९,३४० छात्रा) तथा कक्षा ३ का ३६,१७६ (१६,६२७ छात्र र १९,५४९ छात्रा) गरी जम्मा ७१,८३२ विद्यार्थी सहभागी भएको र प्रति विद्यालय सरदर १३ जना अभिभावकले परीक्षण अवलोकन गर्नुका साथै नतिजा प्रबोधीकरणमा सहभागिता जनाएका थिए ।

यससम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका ३ :*

| वर्ष | कक्षा | जिल्ला सङ्ख्या |
|---|---|---|
| २०७२ (सन् २०१६) नमुना परीक्षण | १,२ र ३ | ५ जिल्लाका २० विद्यालयबाट १,२०० विद्यार्थी |
| | १,२ र ३ | ५ जिल्लाका २० विद्यालयबाट १,२०० विद्यार्थी (अङ्ग्रेजीमा) |
| २०७३ (सन् २०१७) | २ र ३ | ११ जिल्लाका २,६०५ विद्यालयबाट ७२,००० विद्यार्थी |
| २०७४ (सन् २०१८) | २ र ३ | १२ जिल्लाका ३,०४६ विद्यालयबाट ७१,८३२ विद्यार्थी |

उल्लिखित परीक्षणका नतिजा सार्वजनिक भइसकेका छन् । शैक्षिक गुणस्तर परीक्षण केन्द्रले नतिजा तथा

प्रतिवेदनहरू सार्वजनिक गर्नुका साथै विभिन्न माध्यमबाट सरोकारवालाहरूमा सोसम्बन्धी प्रबोधीकरण पनि गरिएको छ ।

वि.सं. २०७३ देखि CB-EGRA सञ्चालन भएका जिल्लाका विद्यालयहरूमा वि.सं. २०७४ देखि निरन्तर रूपमा सो कार्यक्रम शैक्षिक सत्रको अन्त्यतिर सञ्चालन हुँदै आएको छ । यस कार्यक्रमलाई स्थानीयकरण गर्न आ.व. २०७५/०७६ मा दाङ र डडेल्धुरा जिल्लामा CB-EGRA साधन निर्माण कार्यशाला सञ्चालन गरी परीक्षण साधन विकास भएका छन् । सो कार्यशालामा कक्षा २ मा नेपाली अध्यापन गर्ने शिक्षकहरू, नेपाली विषय अध्यापन गर्ने माध्यमिक शिक्षकहरू, आधारभूत विद्यालयका प्रधानाध्यापकहरू, पालिकाका शिक्षा शाखा र शिक्षा विकास तथा समन्वय एकाइका पदाधिकारीहरूरूको सहभागिता रहेको थियो । यसै गरी आ.व. २०७६/०७७ मा ७ जिल्ला धनकुटा, सप्तरी, धनगढी, कञ्चनपुर, भक्तपुर, सुर्खेत र रूपन्देही जिल्लामा CB-EGRA साधन निर्माण कार्यशाला सञ्चालन गरी स्थानिय जनशक्तिको क्षमता विकास गर्नुका साथै कक्षा २ का २१ सेट र कक्षा ३ का ६ सेट गरी जम्मा २७ सेट परीक्षण साधन विकास गरिएको छ ।

**प्रारम्भिक बालविकास परीक्षण**

प्रारम्भिक बालशिक्षा पाठ्यक्रम र प्रारम्भिमक बालविकास राष्ट्रिय न्यूनतम मापदण्डलाई आधार मानी शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट विकास भएको परीक्षण ढाँचा (Assessment Framework) को आधारमा शारीरिक, सामाजिक, भाषिक, बौद्धिक, संवेगात्मक र साँस्कृतिक विकासका ६ ओटा सक्षमताका क्षेत्र समेटिने गरी विज्ञहरूको सहभागितामा परीक्षण साधन विकास गरिएको छ ।

सोही आधारमा आर्थिक वर्ष २०७३।०७४ मा नेपालको सबै भौगोलिक क्षेत्रको प्रतिनिधित्व हुने गरी ५० बालविकास केन्द्रको कार्यसम्पादन परीक्षण र १८३५ बालबालिकामा सिकाइ तथा विकासस्तर परीक्षण गरिएको थियो । यस परीक्षणको मुख्य नतिजा र प्राप्तिहरू निम्नबमोजिम रहेको पाइयो ।

चार बर्षभन्दा कम उमेरका २३.२ र ६ बर्षभन्दा बढी उमेरका १८.८ प्रतिशत बालबालिकाहरू भर्ना भएको पाइयो । ४ प्रतिशत सहजकर्ताहरू कक्षा १० मात्र उत्तीर्ण रहेको पाइयो । सरसफाइका सम्बन्धमा ७७ प्रतिशत बालबालिका सचेत रहेको पाइएको छ । बालबालिकाको औसत उपलब्धि ८०.३ प्रतिशत, छात्राको ८०.७ र छात्रको ७९.९ प्रतिशत उपलब्धि रहेको पाइयो । यसै गरी सहजकर्ताको शैक्षिक योग्यता र सहजकर्ताको संख्यासँग बालबालिकाको उपलब्धिको सकारात्मक सम्बन्ध देखिएको छ । विद्यालयमा आधारित बालविकास केन्द्रको ८०.७ र समुदायमा आधारितको ७१.९ प्रतिशत उपलब्धि पाइयो । बालबालिकाको सामाजिक र भाषिक विकासमा राम्रो उपलब्धि रहेको साथै साँस्कृतिक विकासमा कम उपलब्धि रहेको पाइयो ।

यसै गरी आर्थिक वर्ष २०७४।०७५ मा नेपालको सबै भौगोलिक क्षेत्रको प्रतिनिधित्व हुने गरी ४४

बालविकास केन्द्रको कार्यसम्पादन परीक्षण र २९९ बालविकास केन्द्रका ३७६१ बालबालिकामा सिकाइ तथा विकासस्तर परीक्षण गरिएको थियो । यस परीक्षणको मुख्य नतिजा र प्राप्तिहरू निम्नबमोजिम रहेको पाइयो ।

करीब ३ प्रतिशत *struggling*, ५८ प्रतिशत *progressing* र ३९ प्रतिशत *on track* को तहमा रहेको पाइयो । यसलाई विश्लेषण गर्दा ३ प्रतिशतले सिक्न नसकेको हुँदा कक्षा १ मा अध्ययनका लागि तयार भएको पाइँदैन । ३८ प्रतिशतले अपेक्षाअनुरूप पूर्ण सिकाइ गरेको तथा ५९ प्रतिशतले मध्यमस्तरको सिकाइ गरेको अवस्था देखिन्छ । छात्राको उपलब्धि ७५.९ र छात्रको उपलब्धि ७६.२ प्रतिशत पाइएकोले खास भिन्नता नरहेको देखिन्छ । प्रदेशगत रूपमा विश्लेषण गर्दा प्रदेश ३ को ८२ प्रतिशत र सबैभन्दा कमजोर उपलब्धि कर्णाली प्रदेशको ६८ देखिएको छ भने अन्य प्रदेशको करीब समान स्तर देखिएको छ । जिल्लागत रूपमा विश्लेषण गर्दा काठमाडौं, झापा र पर्वतको उच्चस्तर तथा रसुवा र जुम्लाको न्यूनस्तरको उपलब्धि देखिएको छ ।

**सुझावहरू**

१. सहजकर्ताको योग्यता जति बढी छ त्यति नै राम्रो उपलब्धि देखिएकोले बढी योग्यताका सहजकर्ताहरूको व्यवस्थापनका लागि जोड दिनुपर्छ ।

२. समुदायमा आधारित बालविकास केन्द्रमा अलग्गै व्यवस्थापन समिति गठन भएको नपाइएकोले यो व्यवस्थालाई पुनरविचार गर्नुपर्ने देखिन्छ ।

आ.व. २०७६/०७७ मा पनि प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाको सिकाइ तथा विकासस्तर परीक्षण गर्ने कार्यक्रम रहेकोमा कोभिड १९ का कारण सञ्चालन हुन सकेन ।

### २.५ नतिजा प्रबोधीकरण (Result dissemination)

आ.व. २०७५।०७६ मा यस केन्द्रबाट भएका परीक्षण, अध्ययन तथा अनुसन्धानका नतिजा प्रतिवेदनहरूको प्रवोधीकरण केन्द्रस्तरमा करीब १५० सरोकारवाला र आमसञ्चारका संस्थाहरूमार्फत् समेत प्रबोधीकरण कार्यक्रम संचालन गरिनुका साथै सुधारका लागि अपनाउन सकिने उपायहरूको बारेमा छलफल तथा अन्तर्क्रिया गरियो ।

## ३. समग्र उपलब्धि, चुनौती, अवसर र भावी कार्यदिशा

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले यसको स्थापना कालदेखि परीक्षण, सिपारिस, अध्ययन अनुसन्धान र क्षमता अभिवृद्धिसम्बन्धी कार्यहरू गर्दै आइरहेको छ । यो वार्षिक प्रतिवेदनले आर्थिक वर्ष २०७५/७६ मा भएका केन्द्रका गतिविधिहरू प्रतिबिम्बन हुने गरी एउटा सङ्क्षिप्त प्रतिवेदन तयार गर्न खोजिएको छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रको वार्षिक प्रतिवेदनमा केन्द्रको परिचय, यसको कार्य सञ्चालन

प्रक्रिया, आर्थिक वर्ष २०७५।७६ सम्म गरिएका कार्यहरूको विवरण, यस आर्थिक वर्षभित्र सम्पन्न भएका कार्यक्रमहरूको विवरणसहित उपलब्धि, चुनौती, अवसर, सुझावहरू र भावी कार्यदिशा प्रस्तुत गरिएको छ ।

देशको शैक्षिक अवस्थाको वास्तविक अवस्था पहिचान गरी योसँग सम्बन्धित तथ्याङ्क तथा सूचनाहरू आम सरोकारवालालाई प्रदान गरी समग्र सुधारको लागि प्रमाणमा आधारित पृष्ठपोषण प्रदान गर्ने मूल उद्देश्यका साथ शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना भएको हो । यो उद्देश्य पूरा गर्नको लागि विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, विद्यालय तथा शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण, समसामयिक मुद्दाहरूमा अध्ययनअनुसन्धान र सरकारी तथा गैरसरकारी क्षेत्रहरूसित सहकार्य गर्दै परीक्षणको क्षेत्रमा राष्ट्रिय क्षमता विकासका कार्यक्रमहरू केन्द्रले सञ्चालन गर्दै आइरहेको छ ।

## ३.१ समग्र उपलब्धि

शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना कालदेखि हालसम्म विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणतर्फ कक्षा ३ मा २ ओटा, कक्षा ५ मा ३ ओटा, कक्षा ८ मा ३ ओटा राष्ट्रिय परीक्षण सम्पन्न गरी सबै परीक्षणका प्रतिवेदनहरू सार्वजनिक भइसकेका छन् । त्यस्तै कक्षा १० को राष्ट्रिय परीक्षण सम्पन्न भइसकेको र यसको प्रतिवेदन तयारीको कार्य भइरहेको छ । बालविकास केन्द्रको कार्यसम्पादन परीक्षण र बालविकास केन्द्रका बालबालिकाहरूको सिकाइ स्तर तथा विकासको परीक्षण कार्य ३ पटक भइसकेको छ । त्यस्तै कक्षा २ र ३ मा पठन सीप परीक्षणका कार्यहरू पनि सम्पन्न भएका छन्

त्यस्तै विद्यालय तथा शैक्षिक निकायहरूको कार्य सम्पादन परीक्षणतर्फ हालसम्म ४,४८२ विद्यालय, साविक १०५ स्रोतकेन्द्र, ५३ जिल्ला शिक्षा कार्यालय, १ शैक्षिक तालिम केन्द्र, ३ क्षेत्रिय शिक्षा निर्देशनालय र ३ ओटा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतका केन्द्रिय निकायहरूको कार्यसम्पादन परीक्षणको कार्य सम्पन्न भइसकेको छ । त्यस्तै समसायिक विषयमा शैक्षिक अनुसन्धान सम्पन्न गरी तिनीहरूका प्रतिवेदनहरू सार्वजनिक गरिएका छन् ।

यसका साथसाथै विभिन्न सरकारी तथा गैरसरकारी सस्थाहरूसितको सहकार्यमा केन्द्रको पहलकदमीमा परीक्षणको क्षेत्रमा संसारभर विकास भएका आधुनिक विधि र प्रविधिहरूको बारेमा तालिम तथा क्षमता विकासका गतिविधिहरू सञ्चालन हुँदै आएका छन् । यसबाट शैक्षिक गुणस्तर परीक्षण केन्द्र तथा अन्य केन्द्रिय निकायका कर्मचारीहरू र विश्व विद्यालय, अनुसन्धान केन्द्रहरू तथा अन्य संघसस्थामा आबद्ध व्यक्तिहरूको क्षमता विकासको कार्य भइरहेको छ ।

देशमा संघीयता लागू भएसँगै संघ, प्रदेश र स्थानीय तहमा शिक्षाका अधिकारहरू विभाजन भएको सन्दर्भमा आव २०७५।०७६ मा यस केन्द्रले कक्षा ८ को परीक्षाको स्तरीकरणको लागि ७ ओटै

प्रदेशहरूमा र भक्तपुर जिल्लाका २ ओटा नगरपालिकाहरूमा प्रश्न निर्माणसम्बन्धी कार्यशालाहरूमा प्राविधिक सहयोग प्रदान गर्ने कार्य गरेको छ ।

केन्द्रका कार्यहरूबाट आम सरोकारवाला शैक्षिक गुणस्तरसम्बन्धी बहसहरू चलिरहेका छन् । शिक्षासम्बन्धी चासो राख्ने आम सरकारी तथा गैरसरकारी सस्थाहरूलाई शिक्षाको अवस्था र सुधारको पाटो पहिल्याउनका लागि प्रमाणमा आधारित पृष्ठपोषण प्रदान गरेको छ । यसैले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका सरोकारवालामाझ शैक्षिक गुणस्तर परीक्षण केन्द्र विश्वसनीय तथ्याङ्क तथा सूचनाहरूको स्रोतको रूपमा विकास भइरहेको छ ।

यसै सन्दर्भमा आर्थिक वर्ष २०७६।७७ को बजेट वक्तव्यमार्फत नेपाल सरकारले राष्ट्रपति शैक्षिक सुधार कोषको स्थापना गरी सामुदायिक शिक्षामा गुणस्तर अभिवृद्धि गर्ने कार्यक्रम घोषणा गरेको छ । त्यस्तै शैक्षिक गुणस्तर परीक्षण केन्द्रका अनुसन्धानहरूले स्थापना कालदेखि नै सामुदायिक विद्यालयहरूको गुणस्तर सुधार गर्नुपर्दछ भन्ने सुझाव अनुरूप नेपाल सरकारले बजेट वक्तव्यमार्फत् विक्रम संवत् २०७६ देखि २०८५ लाई सामुदायिक विद्यालय शैक्षिक गुणस्तर अभिवृद्धि दशकको रूपमा अघि बढाएको छ ।

पाठ्यक्रम विकास केन्द्रमार्फत् पाठ्यपुस्तकहरूको गुणस्तर सुधार गर्दै क्रमशः रङ्गिन पाठ्यपुस्तकहरू निर्माण गर्दै जाने कार्यक्रम गर्दै आइरहेको छ । त्यस्तै नेपाल सरकारले विभिन्न जिल्लाका विद्यालयहरूमा दिवा खाजा जस्ता कार्यक्रम र दलित, जनजाति, छात्रा आदि समूहलाई छात्रवृत्तिको व्यवस्था गरी उपलब्धि बढाउनका लागि प्रयास गर्दै विभिन्न समूहहरूकोबीचमा रहेको उपलब्धिको खाडल कम गरी शिक्षाको गुणस्तर सुधार गर्ने र समता कायम गर्न पहलकदमी लिएको देखिन्छ ।

यसको साथसाथै शिक्षासँग सम्बन्धित अनुसन्धानहरूमा, शिक्षासम्बन्धी योजना निर्माणमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रका प्रकाशनहरू सन्दर्भ तथा स्रोतको रूपमा व्यापक रूपमा प्रयोग भएको देखिन्छ । परिवर्तित सन्दर्भमा स्थानीय तहहरूले आआफ्नो स्थानीय तहमा शिक्षाको अवस्था पहिचान गरी तदनुरूप नीतिहरू निर्माण गर्ने अभिप्रायका साथ अगाडि बढिरहेका छन् । शैक्षिक गुणस्तर परीक्षण केन्द्रले परीक्षणको सन्दर्भमा क्षमता विकासमा प्राविधिक सहयोग गरिदेओस् भन्ने स्थानीय तहको अभिप्रायलाई संबोधन गर्ने प्रयास स्वरूप प्रतिवेदनहरूको प्रबोधीकरण गर्ने गरिएको छ ।

अर्को उपलब्धि शैक्षिक गुणस्तर परीक्षण केन्द्रले विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय अभ्यासहरूको पुनरावलोकन गर्दै, स्वमूल्याङ्कनमार्फत् केन्द्रले प्रयोग गर्ने साधनहरू, प्रतिवेदनको गुणस्तर, तथ्याङ्क तथा सूचनाहरूको सङ्कलन, प्रशोधन र विश्लेषणमा निरन्तर सुधार र विकास गर्दै गइरहेको छ ।

## ३.२ चुनौती र अवसर

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले परीक्षणको क्षेत्रमा विभिन्न अन्तरराष्ट्रिय परीक्षणहरूले प्रयोग गर्दै आइरहेको विधि र प्रविधिहरूको प्रयोग गर्ने गरेको छ । यो विधि र प्रविधिमा अभ्यस्त जनशक्तिको देशभित्र अत्यन्तै अभाव छ। त्यसैले शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा यो कार्यमा संलग्न प्राविधिकहरूको साथसाथै विश्वविद्यालय तथा अनुसन्धान केन्द्रका जनशक्तिको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरी यसका कार्यहरूलाई दिगोपन दिने र थप परिष्कृत बनाउनु एउटा जल्दोबल्दो चुनौती हो ।

त्यस्तै क्षमता अभावका कारण शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सङ्कलन गरेका तथ्याङ्क तथा सूचनाहरूबाट आम सरोकारवालाहरूले प्रयोग गर्न मिल्ने दस्ताबेजहरू शैक्षिक प्रतिवेदन, जर्नलहरू आदि पर्याप्त मात्रामा प्रकाशन र निर्माण गर्न सकिएको छैन । त्यसैले तथ्याङ्क र सूचनाहरू अझै प्रयोगयोग्य बनाउनु अर्को चुनौती हो ।

त्यस्तै शिक्षा क्षेत्रका अभ्यासकर्ताहरूको सहभागितामा केन्द्रका नतिजाहरूको विश्लेषण गर्दै यसले देखाउन खोजेका मुख्य मुख्य कुराहरू के के हुन् ? यसको सुधारको लागि के के गर्न सकिन्छ ? सुधारको लागि कसले के के गर्ने ? भन्ने सन्दर्भमा Post NASA Invervention Plan विकास गरी कार्यान्वयनमा ल्याउन सकिएको छैन ।

यति हुँदाहुदै पनि शिक्षाका सरोकारवालाले शैक्षिक गुणस्तर परीक्षण केन्द्रका प्रतिवेदनहरूलाई चासोका साथ हेर्ने गरेको देखिन्छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र केन्द्र स्वयंको पहलकदमीमा सीमित मात्रामा भए पनि अन्तर्राष्ट्रिय स्तरमा परीक्षणको क्षेत्रमा कार्य गर्ने नेटवर्कमा केन्द्रको सहभागीता विस्तारै बढ्दै जानु केन्द्रका कार्यहरूमा थप प्रभावकारिता ल्याउनका लागि अवसर हो । त्यस्तै संविधानमा नै स्थानीय तहले आफ्नो स्थानीय तह भित्रको उपलब्धि परीक्षण गर्ने अधिकार प्रदान गरेको, केन्द्रका कार्यहरूमा सहभागी भएका शिक्षक, प्राध्यापक तथा शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय अन्तर्गतका कर्मचारीहरूको परीक्षणका सन्दर्भमा प्रत्यक्ष र परोक्ष रूपमा क्षमता विकास भइरहेको छ । यो अर्को अवसर हो ।

## ३.३ भावी कार्यदिशा

केन्द्रले गरिरहेका कार्यहरू थप विश्वसनीय, दिगो र सिर्जनशील बनाउनको लागि नमुना छनोट, तथ्याङ् तथा सूचना सङ्कलन, प्रशोधन, विश्लेषण र प्रतिवेदन लेखनका क्षेत्रमा कार्य गर्ने पर्याप्त जनशक्ति तयार गर्न क्षमता विकासमा ध्यान दिनुपर्दछ ।

अन्य देशहरूले विभिन्न अन्तर्राष्ट्रिय तथा क्षेत्रीय परीक्षणहरूमा भाग लिएर अन्तर्राष्ट्रिय स्तरमा आफ्नो देशको शैक्षिक अवस्था पहिचान गर्ने र यसैमार्फत् राष्ट्रिय परीक्षणको लागि क्षमता विकास गर्ने कार्य गरिरहेका छन् । नेपाल अहिलेसम्म कुनै पनि अन्तर्राष्ट्रिय स्तर र क्षेत्रीय स्तरको परीक्षणमा सहभागी

नभएकोले यसको सम्भाव्यता अध्ययन गरी ठोस पहलकदमी लिनु जरुरी देखिन्छ ।

अझै पनि केन्द्रसँग पर्याप्त प्राविधिक जनशक्तिको अभाव, भएको जनशक्तिको क्षमता विकास गरी चुस्त दुरूस्त बनाउन नसकिएको कारण काम गराइ र गुणस्तरमा अपेक्षित उपलब्धि हासिल गर्न कठिन भएकोले यसमा शिघ्र सुधार गर्नु जरुरी छ ।

कार्यसम्पादन परीक्षणका नतिजाहरूका आधारमा विद्यालयहरूलाई प्रोत्साहन अनुदानको व्यवस्था गर्न उपयुक्त हुने देखिन्छ । परीक्षण साधनलाई विद्यालयले स्वःमूल्याङ्कनको साधनको रूपमा प्रयोग गरी आफैँ सुधारका क्षेत्र पहिचान गर्न सक्दछन् । परीक्षणबाट प्राप्त भएका प्रतिवेदन र सोका सुझावहरूलाई स्थानीय तहले शैक्षिक व्यवस्थापन सुधारका लागि विश्वसनीय सूचनाको रूपमा प्रयोग गर्न सक्दछन् ।

केन्द्रलाई थप स्वायत्तता प्रदान गर्दै यसका नतिजाहरू अझै विश्वसनीय र सरोकारवालामैत्री विभिन्न प्रकारका प्रतिवेदनहरू तयार गरी नीति निर्माणको लागि थप प्रमाण र पृष्ठपोषण प्रदान गर्दै नतिजाको उपयोग सुधारमा झल्काउनुपर्ने देखिन्छ ।

## ३.४ निष्कर्ष

यो वार्षिक प्रतिवेदबाट शैक्षिक गुणस्तर परीक्षण केन्द्रले गरेका कार्यहरूको बारेमा सूचना सम्प्रेषण गर्ने, केन्द्रका कार्यहरूको सन्दर्भमा आम सरोकारवालाका पृष्ठपोषण प्राप्त हुने अपेक्षा राखिएको छ । यसबाट केन्द्रका कार्यहरूमा थप प्रभावकारिता र गुणस्तरीयता ल्याउन सकिन्छ । त्यस्तै यसमा उल्लेखित सुझावहरूले केन्द्रका कार्यहरूलाई थप व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालय तथा अन्य निकायहरूले गर्नुपर्ने कार्य तथा सहयोग पहिचान सहज भई तदनुकूल व्यवस्थापनमा सहजीकरण हुन सहयोग पुग्ने विश्वास गर्न सकिन्छ ।

अन्तमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट सञ्चालन भएका विद्यार्थीको उपलब्धि परीक्षणसम्बन्धी कार्यहरू, विद्यालय तथा शैक्षिक निकायहरूको कार्य सम्पादन परीक्षणसम्बन्धी कार्यहरू, क्षमता विकाससम्बन्धी कार्यहरू र नतिजाहरूको प्रबोधीकरणसम्बन्धी कार्यहरूमा सहयोग पुर्‍याउनु हुने सबैलाई धन्यवाद दिँदै आगामी दिनमा यहाँहरूको थप साथसहयोग र सहकार्यका लागि अनुरोध गर्दै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमार्फत् राष्ट्रिय शिक्षा परिषद्मा पेस गरिएको छ ।

# अनुसूचीहरू

## अनुसूची १

### आर्थिक वर्ष २०७५/७६ मा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले गरेका प्रकाशनहरूको सूची

- कक्षा ५ का विद्यार्थीको सिकाइ उपलब्धि परीक्षणको मुख्य प्रतिवेदन २०७५
- कक्षा ५ का विद्यार्थीको सिकाइ उपलब्धि परीक्षणको सारांश सार्वजनिक प्रतिवेदन २०७५
- प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाहरूको सिकाइ तथा विकास स्तर तथा केन्द्रको परीक्षणसम्बन्धी परीक्षणको नतिजा, २०७५
- प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाहरूको सिकाइ तथा विकास स्तर तथा केन्द्रको परीक्षणसम्बन्धी परीक्षणको नतिजा संक्षिप्त प्रतिवेदन, २०७५
- शैक्षिक गुणस्तर परीक्षण केन्द्रको परिचयात्मक पुस्तिका (Brochure) नेपाली र अङ्ग्रेजी

## अनुसूची २

### आर्थिक वर्ष २०७४/७५ मा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले गरेका प्रकाशनहरूको सूची

१. *शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४* । प्रकाशनको स्वरूप: विद्युतीय तथा मुद्रित ।

२. *विद्यालय कार्यसम्पादन परीक्षण ढाँचा, २०७४ (परिमार्जित)* । प्रकाशनको स्वरूप: विद्युतीय तथा मुद्रित ।

३. *Assessment Framework for Grade 5 in Mathematics and Nepali for NASA 2018*, (2018). Forms of Publication: Electronic and Printed.

४. *Assessment Framework for Grade 10 in Mathematics, Nepali, Science and English for NASA 2019, (2018)*. Forms of Publication: Electronic and Prented.

५. *शैक्षिक निकायहरूको कार्यसम्पादन २०७३/०७४ समष्टिगत प्रतिवेदन, २०७४* । प्रकाशनको स्वरूप: विद्युतीय तथा मुद्रित ।

६. *NASA 2017 Technical Report, 2018. F*orms of Publication: Electronic and Printed.

७. *NASA 2017 Public Report, 2018*. Forms of publication: Electronic and Printed.

८. *CB-EGRA 2017: Overall report, 2017*. Forms of Publication: Electronic and Printed.

९. *विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण २०१७ सङ्क्षिप्त प्रतिवेदन, २०७५* । प्रकाशनको स्वरूप: विद्युतीय तथा मुद्रित ।

१०. *Report on Assessment of ECD, 2018*. Forms of publication: Electronic and printed

११. *Report on an assessment of technical and vocational education programme of secondary schools in Nepal (2018).* Forms of Publication: Electronic.
१२. *Report on action Research in Schools: An analysis of policy and practice (2018).* Forms of Publication: Electronic.
१३. *Report on teacher support system at local level: Present status and future needs (2018).* Forms of Publication: Electronic.
१४. *Report on an analysis of student assessment practice at school level in Nepal (2018).* Forms of Publication: Electronic.

## अनुसूची ३

## अघिल्ला वर्षहरू (२०७३/७४ सम्म) का शैक्षिक गुणस्तर परीक्षण केन्द्रका प्रकाशनहरूको सूची

१. *शिक्षण सिकाइ प्रक्रियामा कक्षाकोठा अन्तरक्रियाको अवस्था-एक अध्ययन (वि. सं. २०६८)।* प्रकाशनको स्वरूप : विद्युतीय ।
२. *जिल्ला शिक्षा कार्यालयबाट हुने सेवा प्रवाहको (शिक्षक व्यवस्थापन र तलबभत्तासम्बन्धी) प्रभावकारितासम्बन्धी एक अध्ययन (वि. सं. २०६८)।* प्रकाशनको स्वरूप: विद्युतीय ।
३. *विद्यालय व्यवस्थापन समितिमा महिला सदस्यको स्थान (वि. सं. २०६८)।* प्रकाशनको स्वरूप: विद्युतीय ।
४. *सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन (वि. सं. २०६८)।* प्रकाशनको स्वरूप : विद्युतीय ।
५. *A Comprehensive Study Report on National Assessment of Student Achievement and Improvement in the System Element (2012 / 2068 BS).* Forms of Publication: Electronic.
६. *NASA 2011 Report (Grade 8 in Mathematics, Nepali and Social study) (2013).* Forms of Publication: Electronic.and Printed.
७. *विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण २०११ को सङ्क्षिप्त प्रतिवेदन, (२०६८)।* प्रकाशनको स्वरूप: विद्युतीय तथा मुद्रित ।
८. *NASA 2013 Report (Grade 8 in Mathematics, Nepali and Science) (2015).* Forms of Publication: Electronic.and Printed.
९. *विद्यालय तथा निकायगत कार्यसम्पादन परीक्षण समष्टिगत प्रतिवेदन-२०७०/७१, (वि.सं. २०७२)।* प्रकाशनको स्वरूप : विद्युतीय तथा मुद्रित ।

१०. *विद्यार्थी सिकाइ उपलब्धि तथा कार्यसम्पादन परीक्षण अभिमुखीकरण प्रशिक्षण निर्देशिका, (वि.सं.२०७२)* । प्रकाशनको स्वरूप : विद्युतीय तथा मुद्रित ।

११. *विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण २०१३ को सङ्क्षिप्त प्रतिवेदन, (वि.सं.२०७३* । प्रकाशनको स्वरूप : विद्युतीय तथा मुद्रित ।

१२. *NASA 2012 Report (Grade 3 and 5 in Mathematics and Nepali for Grade 3 and 5, and English for Grade 5) (2015).* Forms of Publication: Electronic.and Printed.

१३. *विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण २०१२ को सङ्क्षिप्त प्रतिवेदन, (वि.सं.२०७३)* । प्रकाशनको स्वरूपः विद्युतीय तथा मुद्रित ।

१४. *उच्च तथा न्यून सिकाइ उपलब्धिसँग सम्बद्ध तत्वहरू विषयमा मामला अध्ययन-१ (वि.सं.२०७३)*। प्रकाशनको स्वरूपः विद्युतीय ।

१५. *उच्च तथा न्यून सिकाइ उपलब्धिसँग सम्बद्ध तत्वहरू विषयमा मामला अध्ययन-२ (वि.सं.२०७३)*। प्रकाशनको स्वरूपः विद्युतीय ।

१६. *कार्यसम्पादन परीक्षण प्रतिवेदन (निकाय तथा विद्यालय) -२०७२ (वि. सं. २०७३)* । प्रकाशनको स्वरूपः विद्युतीय तथा मुद्रित ।

१७. *कार्यसम्पादन परीक्षण प्रतिवेदन (निकाय तथा विद्यालय) -२०७३ (वि. सं. २०७३)* । प्रकाशनको स्वरूपः विद्युतीय तथा मुद्रित ।

१८. *शैक्षिक निकायहरूको कार्यसम्पादन २०७३/७४ समष्टिगत प्रतिवेदन (वि. सं. २०७४)* । प्रकाशनको स्वरूपः विद्युतीय तथा मुद्रित ।

१९. *Feasibility Study on Nepal's participation in international assessment (2073 BS).* Forms of publication: Electronic.

२०. *NASA 2015 Report (Grade 3 and 5 in Mathematics and Nepali) (2016).* Forms of Publication: Electronic.and Prented.

२१. *विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण २०१५ को सङ्क्षिप्त प्रतिवेदन, (२०७३)* । प्रकाशनको स्वरूपः विद्युतीय तथा मुद्रित ।

२२. *विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण २०११, २०१२, २०१३, २०१५को सङ्क्षिप्त तुलनात्मक प्रतिवेदन, (२०७३)* । प्रकाशनको स्वरूप : विद्युतीय तथा मुद्रित ।

२३. *शिक्षण सुधार योजना निर्माणसम्बन्धी प्रशिक्षक निर्देशिका (२०७३)* । प्रकाशनको स्वरूपः विद्युतीय तथा मुद्रित ।


२४. *Study on teachers' preparation and planning for daily lessons (2074 BS).* Forms of publication: Electronic.

२५. *Case study on identifying driving factors for high achieving public schools in Nepal (2074 BS).* Forms of publication: Electronic.

२६. *Assessment Framework for Grade 8 in Mathematics, Nepali and Science for NASA 2017, (2018)*. Forms of Publication: Electronic and Printed.

२७. *Assessment Framework for Classroom based Early Grade Reading Assessment (CB-EGRA, 2017, (2017)*. Forms of Publication: Electronic.

## अनुसूची ४
## शैक्षिक गुणस्तर परीक्षण केन्द्रको संगठन संरचना




## अनुसूची ५
## शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा कार्यरत कर्मचारीहरूको विवरण

| क्र.सं. | पद | नाम थर | एकाइ |
|---|---|---|---|
| १ | महानिर्देशक | इमनारायण श्रेष्ठ | कार्यालय प्रमुख |
| २ | निर्देशक | अनुपमचन्द्र श्रेष्ठ | योजना अनुगमन तथा प्रशासन |
| ३ | निर्देशक | हरि प्रसाद अर्याल | कार्यसम्पादन परीक्षण |
| ४ | निर्देशक | उत्तरकुमार पराजुली | सिकाइ उपलब्धि परीक्षण |
| ५ | निर्देशक | नारायण प्रसाद झा | अनुसन्धान तथा विकास |
| ६ | शाखा अधिकृत | युद्ध बहादुर सुवेदी | कार्यसम्पादन परीक्षण |

| क्र.सं. | पद | नाम थर | एकाइ |
|---|---|---|---|
| ७ | शाखा अधिकृत | शशी पोखेल | कार्यसम्पादन परीक्षण |
| ८ | शाखा अधिकृत | इन्दिरा बुढाथोकी | अनुसन्धान तथा विकास |
| ९ | शाखा अधिकृत | नारायण प्रसाद निरौला | अनुसन्धान तथा विकास |
| १० | शाखा अधिकृत | मोहन बहादुर सुनुवार | योजना तथा प्रशासन |
| ११ | शाखा अधिकृत | प्रकाश कुमार खरेल | योजना तथा प्रशासन |
| १२ | लेखा अधिकृत | पुष्पा खत्री | योजना तथा प्रशासन |
| १३ | शाखा अधिकृत | परशुराम तिवारी | सिकाइ उपलब्धि परीक्षण |
| १४ | प्रविधिक अधिकृत | श्यामप्रसाद आचार्य | सिकाइ उपलब्धि परीक्षण |
| १६ | शाखा अधिकृत | देवीराम आचार्य | सिकाइ उपलब्धि परीक्षण |
| १७ | प्रविधिक अधिकृत | लवदेव भट्ट | सिकाइ उपलब्धि परीक्षण |
| १८ | शाखा अधिकृत | रेणुका अधिकारी | सिकाइ उपलब्धि परीक्षण |
| १९ | नायब सुब्बा | सर्मिला भट्टराई | योजना तथा प्रशासन |
| २० | नायब सुब्बा | कुसुम रिमाल | योजना तथा प्रशासन |
| २१ | प्राविधिक सहायक | सुरेन्द्र कुमार मण्डल | सिकाइ उपलब्धि परीक्षण |
| २२ | प्राविधिक सहायक | गोविन्द कोइराला | योजना तथा प्रशासन |
| २३ | कम्प्युटर अपरेटर | रोजन राजभण्डारी | योजना तथा प्रशासन |
| २४ | सवारी चालक | काले तामाङ | योजना तथा प्रशासन |
| २५ | कार्यालय सहयोगी | सीता थापा | योजना तथा प्रशासन |
| २६ | कार्यालय सहयोगी | तुलसा दङ्गाल | योजना तथा प्रशासन |
| २७ | कार्यालय सहयोगी | अष्टमान महर्जन | योजना तथा प्रशासन |
| २८ | कार्यालय सहयोगी | कृष्णादेवी श्रेष्ठ | योजना तथा प्रशासन |
| २९ | कम्प्युटर सहायक | निरोज थापा | योजना तथा प्रशासन |
| ३० | माली | लक्ष्मी थापा | योजना तथा प्रशासन |

## अनुसूची ६

## शैक्षिक गुणस्तर परीक्षण केन्द्रका विषय समितिहरूको विवरण

### १) नेपाली विषय समिति

| क्र.सं. | पद | नाम थर | कार्यरत पद र ठेगाना |
|---|---|---|---|
| १. | अध्यक्ष | डा. पारसमणि भण्डारी | प्राध्यापक- शिक्षा शास्त्र केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर |
| २. | सदस्य | डा. राजेन्द्र खनाल | उपप्राध्यापक- शिक्षा शास्त्र केन्द्रीय विभाग, त्रिविवि |
| ३. | सदस्य | श्री लक्ष्मण प्रधान | माध्यमिक शिक्षक - इपिएस मावि काठमाडौं |
| ४. | सदस्य | श्री विष्णु रिमाल | माध्यमिक शिक्षक . - ज्ञानोदय मावि काठमाडौं |
| ५. | सदस्य | श्री केदार दहाल | माध्यमिक शिक्षक - विश्व निकेतन मावि काठमाडौं |
| ६. | सदस्य | श्री रजनी धिमाल | पा.अ. - शिक्षा तथा मानव स्रोत विकास केन्द्र |
| ७. | सदस्य सचिव | श्री देवीराम आचार्य | नेपाली विषयको विषयगत अधिकृत - शैगुपके |

### २) गणित विषय समिति

| क्र.सं. | पद | नाम थर | कार्यरत पद र ठेगाना |
|---|---|---|---|
| १. | अध्यक्ष | डा. हरिप्रसाद उपाध्याय | प्राध्यापक- शिक्षा शास्त्र केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर |
| २. | सदस्य | डा. वेदराज आचार्य | सहप्राध्यापक- शिक्षा शास्त्र केन्द्रीय विभाग, त्रिविवि |
| ३. | सदस्य | श्री रमेशप्रसाद अवस्थी | हिमालय ह्वाइट हाउस कलेज, काठमाडौं |
| ४. | सदस्य | श्री राजकुमार माथेमा | माध्यमिक शिक्षक - सैनिक आवासीय मावि भक्तपुर |
| ५. | सदस्य | श्री शोभा अधिकारी | माध्यमिक शिक्षक - चाँगुनारायण मावि भक्तपुर |
| ६. | सदस्य | श्री हरिनारायण उपाध्याय | प्रअ/माध्यमिक शिक्षक - स्कोलर्स होम एकेडेमी काठमाडौं |
| ७. | सदस्य सचिव | श्री श्यामप्रसाद आचार्य | गणित विषयको विषयगत अधिकृत - शैगुपके |

### ३) अङ्ग्रेजी विषय समिति

| क्र.सं. | पद | नाम थर | कार्यरत पद र ठेगाना |
|---|---|---|---|
| १. | अध्यक्ष | डा. विनोद लुइँटेल | सहप्राध्यापक- शिक्षा विकास तथा अनुसन्धान केन्द्र, त्रिविवि |
| २. | सदस्य | डा. कमल राज देवकोटा | उपप्राध्यापक- शिक्षा शास्त्र केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर |
| ३. | सदस्य | श्री विश्वनाथ कर्माचार्य | अध्यक्ष - बंगलामुखी क्याम्पस ललितपुर |
| ४. | सदस्य | श्री लालमणि जोशी | माध्यमिक शिक्षक - शान्ति विद्याश्रम, ललितपुर |
| ५. | सदस्य | श्री मधु उपाध्याय | माध्यमिक शिक्षक - एसओएस मावि भक्तपुर |
| ६. | सदस्य | श्री दिनेश थापा | माध्यमिक शिक्षक - किटनी मावि ललितपुर |
| ७. | सदस्य | श्री रमेश घिमिरे | अङ्ग्रेजी विषय पा.अ. - शैक्षिक तालिम केन्द्र धुलिखेल |
| ८. | सदस्य सचिव | श्री परशुराम तिवारी | अङ्ग्रेजी विषयको विषयगत अधिकृत - शैगुपके सानोठिमी |

### ४) विज्ञान विषय समिति

| क्र.सं. | पद | नाम थर | कार्यरत पद र ठेगाना |
|---|---|---|---|
| १. | अध्यक्ष | डा. रजनी राजभण्डारी | प्राध्यापक- शिक्षा शास्त्र संकाय, सानोठिमी क्याम्पस |
| २. | सदस्य | श्री भानुभक्त सापकोटा | सहप्राध्यापक- महेन्द्ररत्न क्याम्पस ताहाचल |
| ३. | सदस्य | श्री पुष्पराज भट्ट | उपप्राध्यापक- शिक्षा शास्त्र केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर |
| ४. | सदस्य | श्री जयप्रकाश श्रीवास्तव | मा.शि. - प्रभात मावि, ललितपुर |
| ५. | सदस्य | श्री इश्वरी घिमिरे | मा.शि. - पद्‍म मावि भक्तपुर |
| ६. | सदस्य | श्री रविना महर्जन | मा.शि. - सरस्वती मावि काठमाडौं |
| ७. | सदस्य | श्री युवराज अधिकारी | विज्ञान विषय पा.अ. - पाठ्यक्रम विकास केन्द्र सानोठिमी |
| ८. | सदस्य सचिव | श्री लवदेव भट्ट | विज्ञान विषयको विषयगत अधिकृत - शैगुपके सानोठिमी |

## ५) अध्ययन-अनुसन्धान विषय समिति

| क्र.सं. | पद | नाम थर | कार्यरत पद र ठेगाना |
|---|---|---|---|
| १. | अध्यक्ष | डा. प्रकाशमान श्रेष्ठ | प्राध्यापक- शिक्षा शास्त्र संकाय, सानोठिमी क्याम्पस |
| २. | सदस्य | डा. पेशल खनाल | सहप्राध्यापक- शिक्षा शास्त्र केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर |
| ३. | सदस्य | श्री वेदप्रसाद ढकाल | उपप्राध्यापक- शिक्षा शास्त्र केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर |
| ४. | सदस्य | डा. प्रमोद भट्ट | उपप्राध्यापक- समाजशास्त्र केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर |
| ५. | सदस्य | डा. वासुप्रसाद सुवेदी | नोबेल कलेज काठमाडौं |
| ६. | सदस्य | श्री उत्तरकुमार पराजुली | निर्देशक-शैगुपके, विद्यार्थी उपलब्धि परीक्षण एकाइ |
| ७. | सदस्य सचिव | श्री नारायणप्रसाद झा | निर्देशक-शैगुपके, अनुसन्धान तथा विकास एकाइ |